लेखापरीक्षण प्रतिवेदन

कमलामाई नगरपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कमलामाई नगरपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accaccountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/607

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सिन्धुली।

कैफियतसहितको राय

हामीले कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारित र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । नगरपालिकाले पेस गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०)मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.३० करोड ८१ लाख १६ हजार, एकीकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.३० लाख ४० हजार र गरिवसँग विश्वेश्वर कार्यक्रमको रू.७ लाख ३० हजार समेत गरी रू.३१ करोड १९ लाख ८६ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रू.३ अर्ब १९ करोड ९४ लाख ०५ हजार लेखापरीक्षण गरिएकोमा रू.२ करोड ७६ लाख ९३ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू.३५ लाख ५४ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरूजुमा असुल गर्नुपर्ने रू.२ करोड ४ लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५ लाख ३७ हजार, नियमित गर्नुपर्ने रू.३१ लाख ८९ हजार रहेको छ ।पालिकामा गत वर्षसम्म रू.९ करोड ६५ लाख ५५ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट रु. २ करोड ५२ लाख १२ हजार फर्स्यौट भई रु. ७ करोड १३ लाख ४२ हजार बाँकी रहेकोमा सम्परीक्षणबाट थप भएको रु. ८ लाख २१ हजार र यो वर्षको रु. २ करोड ४१ लाख ३९ हजार समेत हालसम्मको अद्यावधिक बेरूजु रू.९ करोड ६३ लाख ०३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने कमलामाई नगरपालिकासँग हामी स्वतन्त्र छौँ। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौँ।

अन्य बेहोरा

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औँल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडासहितको नबन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी कमलामाई नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडासहितको रहेको छैन भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा

यथोचित आश्वस्ततालेे उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७१	१६४	२,७६,९३,४८७	०	३२	३५,५४,२२३	०	७१	१३२	२,४१,३९,२६४	२,०४,११,९४३	३१,८९,७०९	५,३७,६१२	०	०	३७,२७,३२१	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सिन्धुली	९,६५,५५,०००	०	२,५२,१२,४५०	७,१३,४२,५५०	८,२१,२६८	२,४१,३९,२६४	९,६३,०३,०८२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	५५	मूल्य अभिवृद्धि कर समायोजन	३०,११३
२	२०८०/८१	६१	मूल्य अभिवृद्धि करकट्टी	४७,२९४
३	२०८०/८१	४७	पसल कवल बहाल	४७,९७०
४	२०८०/८१	१८	नगर युवा स्वरोजगार कोष	३३,८८,९४६
५	२०८०/८१	१३	धरौटीको हिसाब	२१,९००

६	२०८०/८१	६८	आमन्त्रित भत्ता :-	१८,०००
७	२०७९/८०	४८	बैठक भत्ताः	६,०१,८००
८	२०७९/८०	४३	फरक नर्म्सको प्रयोगः	२,९३,५४६
९	२०७९/८०	४०	कोलगौरा देउराली सडक निर्माण :	६,६२,८९५
१०	२०७९/८०	७०	करः	६३,१६,३०२
११	२०७९/८०	५९	उत्पादित सामानको व्यवस्थित अभिलेख नभएकोः	१,१७,०००
१२	२०७९/८०	७	असुली गर्न बाँकी आम्दानी –	१,८१,३७०
१३	२०७९/८०	५७	अनुगमन भत्ताः	४,५३,८४१
१४	२०७८/७९	६५	सामाजिक सुरक्षा	६२,९५६
१५	२०७८/७९	३८	शीर्षक फरक पारी खर्चः	४,६५,२४०
१६	२०७८/७९	११०.५	शिक्षातर्फः	३,८४,०००
१७	२०७८/७९	११२	राहत वितरणः	१,५६,०००
१८	२०७८/७९	३७	मू.अ. कर समायोजन वेगर धरौटी फिर्ताः	१६,७८,८६३
१९	२०७८/७९	१७	महंगी भत्ताः	२८,७२,०००
२०	२०७८/७९	११३	भुक्तानी बाँकीको कच्चावारी बेगर भुक्तानीः	१,९३,९२१
२१	२०७८/७९	२७	फिल्ड भत्ताः	१,८३,६००
२२	२०७८/७९	७४.१	प्रोभिजनल समः	१,२६,४६३
२३	२०७८/७९	११४.२	प्रधानमन्त्री रोजगार कार्यक्रमः	७,३४,४००
२४	२०७८/७९	१२२	नगर युवा स्वरोजगार कोषः	६,३६,७९०
२५	२०७८/७९	४९	धुराफाँट झोलुङ्गेपुलः	१,४४,४१५
२६	२०७८/७९	५४	गैर सरकारी संस्था परिचालनः	१,७८,४११
२७	२०७८/७९	२८	कार्यक्रम स्वीकृत वेगर भुक्तानीः	१,००,०००
२८	२०७८/७९	२१	कार्यक्रमतर्फः	३,१७,३००
२९	२०७८/७९	९९	उद्यम विकास कार्यक्रमः	५५,०००
३०	२०७८/७९	४६	इन्टरनेट जडानः	१४,८०,२६४
३१	२०७८/७९	१६	आन्तरिक लेखापरीक्षणः	३०,७५५

३२	२०७८/७९	८३	अमानतबाट निर्माण कार्यः	४,७२,२०८
३३	२०७८/७९	२२	पदाधिकारी इन्धन/अतिथि सत्कार	८,६०,८३६
३४	२०७८/७९	२३	अन्य निकाय/व्यक्तिको खर्च	१७,२२,७४३
३५	२०७७/७८	२६	शिक्षा तर्फ	१३,६०५
३६	२०७७/७८	१८.३	शिक्षा	३६,००,०००
३७	२०७७/७८	१९.२	विपद तथा कोभिड व्यवस्थापन	१४,६२५
३८	२०७७/७८	१४	राजस्व आन्तरिक नियन्त्रण	२९,०४०
३९	२०७७/७८	२०	पेश्की व्यवस्थापन	७२,२६१
जम्मा				२,८७,६६,६७३

(८०३२५४०१३०० - कमलामाई नगरपालिका, सिन्धुली)

कमलामाई नगरपालिका , सिन्धुली

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेका छन् भने पालिकाको क्षेत्रफल ४८२.५७ वर्ग किलोमिटर तथा जनसंख्या ७१०१६ रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको थियो।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०८।०३ देखि २०८१।०८।०९ सम्म रहेको थियो ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्ययतर्फको जम्मा रु.३,१९,९४,०५,०३२।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ।सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.४,९१,५८१।४८ असुल भई दाखिला प्रमाण पेस भएको छ ।

क्र.सं.	विवरण	रकम रु.
१	बढी रकम भुक्तानी फिर्ता - स्थानीय तहको सुत्र प्रणालीबाट जारी मिति २०८१।८।७ को रसिद नं १४८२२ बाट पालिकाको संचित कोषमा दाखिला रु...	३०००
२	छात्रवृत्ति बढी निकासा - कारोबार संकेत नं २०८१-४९३०२८० मिति २०८१।८।९ बाट रकम संघीय संचित कोषमा दाखिला रु...	३६००
३	वडा भ्रमण खर्च भुक्तानी भएको औँल्याइएकोमा मिति २०८१।८।२८ मा जारी ३४ वटा रसिद (र. नं. १४९५९ देखि १४९९३) बाट पालिकाको बेरुजु खातामा दाखिला रु...	१८०९००
४	कारोबार संकेत नं २०८१-४८७७९३६ मिति २०८१।८।७ बाट छात्रवृत्ति बढी निकासा रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला रु...	१०७००
५	उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम असुल गरी पालिकाको आन्तरिक राजश्व खातामा रसिद नं १४८३६ मिति २०८१।८।७ बाट दाखिला रु...	५०९०८
६	कारोबार संकेत नं २०८१-४९०२९३४ मिति २०८१।८।९ बाट पाठ्यपुस्तकबापत बढी निकासा रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला रु...	८०५०
७	कारोबार संकेत नं २०८१-४९०३३०२ मिति २०८१।८।९ बाट पेस्की ढिलो फछ्र्यौट बापत जरिवाना रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला रु...	८२२०
८	कारोबार संकेत नं २०८१-४८७९००६ मिति २०८१।८।७ बाट विभिन्न कार्यक्रममा भएको बढी भुक्तानी रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला रु...	५७५५०
९	कारोवार संकेत ३९१९२१८३६ मिति २०८१।८।२८ बाट बालुवा प्रशोधन बापत सि एस कन्स्ट्रक्सन एण्ड कंक्रिट प्रोडक्ट्स प्रा लि बाट रु.१३१३८। पालिकाको संचित कोषमा दाखिला कारोवार संकेत ३९११२१३५५७ मिति २०८१।८।२८ बाट बालुवा प्रशोधन बापत भक्त वासिङ प्लान्ट बाट रु.२०३८०। पालिकाको संचित कोषमा दाखिला कारोवार संकेत ३९११२१३५९६ मिति २०८१।८।२८ बाट बालुवा प्रशोधन बापत सिन्धुली कन्स्ट्रक्सन प्रा	६५७६८

	लि बाट रु.३२२५०।० पालिकाको संचित कोषमा दाखिला रु...	
१०	सामाजिक सुरक्षा बढी रकम फिर्ता - मिति २०८१।०८।२६ मा कारोबार सङ्केत नं २०८१-५६१०७५१ बाट संघीय सञ्चित कोष राजस्व शीर्षक नं. १५१११ मा दाखिला रु...	७७७४४.४८
११	सांग्रिला सफ्टवेयरतर्फको रसिद नं १७००८ मिति २०८१।९।१ बाट बढी भ्रमण खर्च भुक्तानी भएको रकम पालिकाको बेरुजु खातामा दाखिला रु...	४२००
१२	उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम मिति २०८१।०८।२८ मा कारोबार सङ्केत नं. २०८१-५७२२३९१ मार्फत संघीय सञ्चित कोषमा दाखिला रु...	१७८९१
१३	कार्यक्रममा भएको यातायात खर्च र भत्ता बापतको रकम प्रदेश संचित कोषको बेरुजु खाता १५१११ मा फिर्ता गरेको कारोबार संकेत नं २०८१-५७७४४३५ मिति २०८१।९।१ बाट रु...	३०५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण**

पालिकाबाट प्राप्त आर्थिक वर्ष २०८०।८१ को प्रमाणित एकीकृत आर्थिक विवरण देहाय बमोजिम रहेको छ ।

सि.नं	आयतर्फ		सि.नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	गत वर्षको जिम्मेवारी		१	जम्मा खर्च	
	क .नगद	०		क. चालुखर्च	७८१६७८४९६
	ख. बैंकसंचित कोष	८४७६७२०४		ख. पुँजीगतखर्च	३४३१८५७३८
	वातावरणीय कोष	६२९३८४	२	धरौटीफिर्ता	५४४०६८२
	नगर युवाकोष प्रशासनिक	१४११३२६	३	विविध खर्चखाता – ग ७	१५५२११३३
	सिटी हल निर्माण कोष	५११५८५५६	४	कार्यसञ्चानल कोष - विविध	२९९२०५७४
	मर्मत सम्भार कोष	१५६३८४३	५	प्रकोप व्यवस्थापन कोष	१६३६५१०
	करार कर्मचारी हित कोष	११७८०३२७	६	सशर्तअनुदान फिर्ता	११२३२०१४६
	कर्मचारी कल्याण कोष	१२६९८८२२	७	सामाजिक सुरक्षा	३०८२१६११६
	लैङगिक हिंसा निवरण कोष	८६००००	८	स्वास्थ क्षेत्र सुधार	३०४००००
	नगर युवा स्वरोजगार कोष	७८७९८१८	९	गरिवसंग विशेश्वर कार्यक्रम	७३००००
	प्रकोप व्यवस्थापन कोष	३६०६२६९	१०	संचित कोष	
	सामाजिक सुरक्षा बेरुजु	७७७४५		क) बैँकमौज्दात	५१४१८४८०
	फलफुल मूल्य श्रृखला	११०७६५		ख) नगद मौज्दात	४९४२५
	दीर्घ रोगी उपचार कोष	८९००००	११	कोष खाताको मौज्दात	
	जिल्ला प्रशासन हेल्प डेक्स	११०८४०		विविध खर्च खाता – ग ७	५३६३२३२
	काठमाडौं विश्वविद्यालय	१७५४७		कार्यसञ्चानल कोष - विविध	५८३७५५६४
	गतवर्ष फलफुल मूल्य श्रृखला	१२३७		प्रकोप व्यवस्थापन कोष	६९७९७५९
	वातावरण विभाग	५२५२		धरौटी मौज्दात	२००४७००३
	वैदेशिक रोजगार पुनः एकीकरण	१०४५२६५			
	धरौटी	१६५९३०२४			
२	राजश्व आन्तरिक आय				
	क) आन्तरिक राजश्व	६९५४०८९६			

	ख) राजश्व बाँडफाँट	२८४७१३६७५			
	ग) अन्य आय	२९८८५१०			
३	वित्तीय हस्तान्तरण संघ				
	क) वित्तीय समानीकरण अनुदान	१५२७९९०००			
	ख) सशर्त अनुदान	५३४३५७०००			
	ग) समपुरक अनुदान	२५५०००००			
	घ) विशेष अनुदान	५६०००००			
४	प्रदेश सरकारबाट प्राप्त अनुदान				
	क) वित्तिय समानीकरण अनुदान	१७५५६०००			
	ख) सशर्त अनुदान	२३९३००००			
	ग) समपुरक अनुदान	३१५०००००			
	घ) विशेष अनुदान	५०००००			
५	विभिन्न कोषतर्फको आय यस वर्षको थप	४६३१४०६२			
६	प्रकोप व्यवस्थापन कोष यस वर्षको थप	५०१००००			
७	विविध खर्च खाता यस वर्षको थप	१८६२५७१४			
८	धरौटी आय यस वर्षको थप	८८९४६६२			
९	सामाजिक सुरक्षा	३०८२१६११६			
१०	स्वास्थ क्षेत्र सुधार कार्यक्रम	३०४००००			
११	गरिवसंग विशेश्वर कार्यक्रम	७३००००			
जम्मा		**१७४३९२२८५९।००**	**जम्मा**		**१७४३९२२८५९।००**

३ वित्तीय विवरण सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

क्र.सं./ आर्थिक सङ्केत	विवरण	चालु आ. व.को कारोबार		गत आ. व. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
१	(राजस्व, अनुदान र अन्य प्राप्ति)				
११०००	कर	३०,६०,३०,३३२.५६	३०,६०,३०,३३२.५६	२९,७६,९२,८८७.३१	२९,७६,९२,८८७.३१
१३०००	अनुदान	७३,७३,१०,३६३.७८	७३,७३,१०,३६३.७८	७८,०९,२२,९५०.०३	७८,०९,२२,९५०.०३
१४०००	अन्य राजस्व	४,८२,२४,२३८.४४	४,८२,२४,२३८.४४	५,१४,२९,७६४.२४	५,१४,२९,७६४.२४
१५०००	विविध प्राप्ति	०	०	३२,४१,३९७.७०	३२,४१,३९७.७०
	कुल जम्मा प्राप्ति	१,०९,१५,६४,९३४.७८	१,०९,१५,६४,९३४.७८	१,१३,३२,८६,९९९.२८	१,१३,३२,८६,९९९.२८
२	चालु	७८,१६,७८,४९५.७५	७८,१६,७८,४९५.७५	८०,४५,२२,९४०.८०	८०,४५,२२,९४०.८०
२१०००	पारिश्रमिक / सुविधा	११,२३,२९,५२४.५४	११,२३,२९,५२४.५४	१२,२१,२८,२९८.४५	१२,२१,२८,२९८.४५
२२०००	मालसामानतथा सेवाको उपयोग	२१,०३,९२,९८०.८३	२१,०३,९२,९८०.८३	२४,७८,८९,७१३.४६	२४,७८,८९,७१३.४६
२५०००	सहायता (Subsidy)	१,००,०००.००	१,००,०००.००	२९,०००.००	२९,०००.००
२६०००	अनुदान	४३,७६,४८,६२८.३८	४३,७६,४८,६२८.३८	४२,५६,९५,१९६.८९	४२,५६,९५,१९६.८९
२७०००	सामाजिकसुरक्षा	१,८९,४९,७६७.००	१,८९,४९,७६७.००	६०,२०,०७१.००	६०,२०,०७१.००
२८०००	अन्यखर्च	२२,५७,५९५.००	२२,५७,५९५.००	२७,६०,६६१.००	२७,६०,६६१.००
३	पूंजीगत	३४,३१,८५,७३७.८४	३४,३१,८५,७३७.८४	३७,५९,००,५६९.३९	३७,५९,००,५६९.३९
३१११०	भवनतथा संरचना	५,२४,९६,८९०.००	५,२४,९६,८९०.००	१,७०,१६,२५२.००	१,७०,१६,२५२.००
३१११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	७६,३५,५४३.००	७६,३५,५४३.००	९९,८१,९१६.००	९९,८१,९१६.००
३११३०	अन्यपूँजीगत खर्च	५८,५६,९००.००	५८,५६,९००.००	१४,२०,५००.००	१४,२०,५००.००
३११४०	सुरक्षाउपकरण	६८,५६,२२५.००	६८,५६,२२५.००	६२,०४,४३३.००	६२,०४,४३३.००
३११५०	सार्वजनिकनिर्माण	२४,१६,१०,६५२.५८	२४,१६,१०,६५२.५८	२६,१६,१३,०१९.३९	२६,१६,१३,०१९.३९
३११६०	निर्मितसरचनाकोसुधार खर्च	२९,२०,२९२.००	२९,२०,२९२.००	३२,१६,५६८.००	३२,१६,५६८.००
३११७०	पूँजीगतसुधार खर्च	२,५८,०९,२३५.२६	२,५८,०९,२३५.२६	७,६४,४७,८८१.००	७,६४,४७,८८१.००
४	वित्तीय	०	०	०	०
ख)	कुलजम्मा भुक्तानी	१,१२,४८,६४,२३३.५९	१,१२,४८,६४,२३३.५९	१,१८,०४,२३,५१०.१९	१,१८,०४,२३,५१०.१९
ग)	बचत /कमी (ग = क-ख)	(३,३२,९९,२९८.८१)	(३,३२,९९,२९८.८१)	(४,७१,३६,५१०.९१)	(४,७१,३६,५१०.९१)
घ)	धरौटी, आकस्मिक कोष	२,९३,२५,५३८.५५	२,९३,२५,५३८.५५	(३७,६३,३०१.०९)	(३७,६३,३०१.०९)

	लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)				
घ.१)	कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी				
ङ)	यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(३९,७३,७६०.२६)	(३९,७३,७६०.२६)	(५,०८,९९,८१२.००)	(५,०८,९९,८१२.००)
च)	गतआ.व.को नगद तथा बैंक मौज्दात	१४,६२,०७,२२३.०७	१४,६२,०७,२२३.०७	१९,७१,०७,०३५.०७	१९,७१,०७,०३५.०७
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन				
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१४,२२,३३,४६२.८१	१४,२२,३३,४६२.८१	१४,६२,०७,२२३.०७	१४,६२,०७,२२३.०७

४ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.३०८२१६११६।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३०४००००।०० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.७३०००००।०० समेत गरी रु.३११९८६११६।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थः सबै आर्थिक कारोबार सुत्रमार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ वितरण मुखी / प्रचारमुखी खर्च :-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पूँजी सृजना नहुने खालका वितरणमुखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक व्यवस्था गरेको देखिन्छ । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई न्यूनीकरण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, बिरामी उपचार लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ। यस्ता कार्यक्रमा केही उदाहरण निम्न बमोजिम रहेका छन्:

भौचर नम्बर (चालु)	मिति	रकम पाउने	प्रयोजन	भुक्तानी रकम
८७	२०८०।५।२६	नेपाल आदिवासी जनजाती महासंघ	दिवश मनाउन	१०००००।००
१९७६	२०८१।३।१९	वडा नं ९ निवासी १०१ परिवार	ईन्फ्रारेड चुलो वितरण १०१ थान	३४३४००।००

६ लाभग्राही छनौट मापदण्ड तथा लाभग्राहीको अभिलेख :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा आफूले सम्पादन गर्ने काम कारबाहीको प्रकृति अनुसार अर्थ मन्त्रालयले तर्जुमा गरेको मापदण्डको प्रतिकुल नहुने गरी खर्चको मापदण्ड (नर्म्स) बनाउन सक्ने व्यवस्था रहेको छ ।

लाभग्राही छनोट गर्दा सम्भाव्य लाभग्राहीमा सूचनाको पर्याप्त पहुँच पुग्ने गरी प्रसारण, छनोटको अङ्क भारसहित वस्तुनिष्ठ मापदण्ड बनाउनुपर्दछ । जसमा कृषि व्यवसाय गर्न आवश्यक जग्गा जमिन, भौतिक पूर्वाधार, व्यवसायिक सीप, व्यवसायिक योजना, क्षमता, अनुभव, तत्परता, उत्सुकता, समाजमा पुर्‍याउने योगदान, गत विगतमा अनुदान नपाएको ,तरलता (नगद)को अभाव जस्ता सूचकको अङ्कभार निर्धारण गरी सो अङ्कभारका आधारमा मूल्याङ्कनको मापदण्ड तयार गरी निष्पक्ष रुपमा लाभग्राही छनोट गर्नुपर्दछ तर पालिकाले लाभग्राही छनौट गर्दा अङ्कभार सहितको आधार उल्लेख गरेको देखिएन । यसबाट प्राथमिकता प्राप्त क्षेत्रमा अनुदान रकम गयो गएन खुलासा हुन सकेन । वडा कार्यालय तथा विषयगत शाखाबाट अनुदान दिँदा पर्याप्त रुपमा सूचना प्रचार प्रसार गरेको देखिने प्रमाण संलग्न नगरेको तथा छनोटको आधार नखुलाई वडाको कार्यक्रममा वडा सिफारिसमा अनुदान दिएको पाइयो । अनुदान वितरणलाई पारदर्शी निष्पक्ष सर्व स्वीकारयोग्य बनाई अनुगमन मुल्याङ्कन गरी अनुदान रकमको प्रभावकारिता बढाउनु पर्दछ । पालिकाले विगत वर्षमा र यो वर्ष लाभग्राहीहरुलाई प्रदान गरेको वस्तुगत, नगद तथा परामर्श सेवा अनुदानको नागरिकता नं. तथा मोबाइल नं. जस्ता व्यक्तिगत विवरण खुल्ने गरी व्यवस्थित लगत अभिलेख राखेको छैन । व्यवस्थित अभिलेख नराख्दा एउटै व्यक्ति/संस्थालाई पटक पटक अनुदान जानसक्ने र कतिपय योग्य सम्भावित लाभग्राहीले अत्यावश्यक अवस्थामा सेवा सुविधा पाउनबाट वञ्चित हुनसक्ने देखिन्छ । यो वर्ष अनुदान पाउने केही लाभग्राहीको विवरण यसप्रकार छन । यो वर्ष अनुदान पाउने अनुदानग्राहीको विस्तृत विवरण अनुसूचीमा संलग्न छ ।

(विस्तृत विवरण बेरूजु दफा ६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१४९२०७२२३।०० मौज्दात रहेकोमा पालिकाले दिएको एकीकृत आर्थिक विवरणमा रु.१४९२०७२२३।०० नै जिम्मेवारी सारेको देखाए पनि सुत्रको म. ले. प. फा. नं. २७० अनुसार सुत्रमा रु.१४६२०७२२३।०० जिम्मेवारी सारेको छ । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा घटी जिम्मेवारी सारेको रकम रु.३०००००।०० को सम्बन्धमा कार्यालयले सिष्टममा कोषको रकम अल्या गर्दा र समायोजन भौचर उठाउँदा फरक परेको जनाएको छ । यस सम्बन्धमा पालिकाले यकिन गरी हिसाब दुरुस्त राख्नुपर्दछ ।

८ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता अनुसार रु.१४२२३३४६२।८१ र बैङ्क अनुसार रु.१६७४५७६६०।८७ बैक मौज्दात भई रु.२५२२४१९८।१० बढी देखिएको छ । मौज्दात विवरण देहायअनुसार छ:

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८१ असार मसान्तको बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८१असार मसान्तको बाँकी
१	सञ्चित कोष	५१४१८४७९।९३	७१७७५१०८।३७
२	चालु खाता	०।००	६५६२६।००
३	पूँजीगत खाता	०।००	११६५०६८।००
४	विविध कोष खाता	५८३७५५६३।६७	५८३४७२४०।६४
५	प्रकोष व्यवस्थापन कोष खाता	६९७९७५९।१०	६९७९७५९।१०
६	विविध खर्च खाता	५३६३२३१।७८	६६९१४०१।९१
७	धरौटी खाता	२००४७००३।३३	२००६८९०३।३३
८	आन्तरिक राजश्व खाता	४९४२५।००	१०२३५७३।५२
९	बाँडफाँटबाट प्राप्त राजश्व खाता	०।००	२००५५२।००
१०	आन्तरिक अनुदान खाता	०।००	०।००
११	विभाज्य कोष	०।००	११४०४२८।००
जम्मा		**१४२२३३४६२।८१**	**१६७४५७६६०।८७**

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

९ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार हालको बैंक मौज्दातमा फरक नपरेता पनि गत वर्षको जिम्मेवारी रु.३०००००। ००, यस वर्षको प्राप्तिमा रु.५०३१५०७०२।०० र यस वर्षको भुक्तानीमा रु.४७६८२५१६३।०० फरक देखिएको छ।पालिकाले तयार गरेको आर्थिक विवरणमा संघ तथा प्रदेश फिर्तालाई पनि खर्च मानिएको र सुत्रको २७०-०१ले विभिन्न कोषको प्राप्ति भुक्तानी छुट्टाछुट्टै नदेखाइ फरक मौज्दात मात्र देखाएको र अन्तरसरकारी अख्तियारीको रकम सुत्रमा नदेखिएकोले हिसाव फरक देखिएको छ।अत पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था हुनुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	धरौटी,आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात	कैफियत
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	१४६२०७२२३।००	२९३२५५३९।००	१०९१५६४९३४।००	११२४८६४२३३।००	१४२२३३४६३।००	एकीकृत आ. वि. मा धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट रकम प्राप्ति तथा भुक्तानी महलमा एकमुष्ट रहेको
एकीकृत आर्थिक विवरणअनुसार	१४९२०७२२३।००	०।००	१५९४७१५६३६।००	१६०१६८९३९६।००	१४२२३३४६३।००	
फरक	३०००००००।००	-२९३२५५३९।००	५०३१५०७०२।००	४७६८२५१६३।००	०।००	

१० रकम फिर्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आर्थिक विवरणमा नगदमा तथा श्रेस्ता अनुसार राजश्व खातामा बाँकी रहेको रकम दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	४९,४२५

११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गरेको पाइएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको देखिएन,

• दिगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटिएका कर्मचारीहरुले भ्रमण बील पेश गर्दा भ्रमण प्रतिवेदन समावेश गरेको देखिएन ,

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको सम्वन्धमा प्रमाण पेश गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार दायित्व सहित अभिलेखीकरण गरेको देखिएन,

•सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिबाट दिएको व्यक्ति ,संस्था तथा फर्मको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछर्यौंर्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरेको देखिएन,

• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न भएको सम्वन्धमा यकिन हुने प्रणाली तयार गरेको देखिएन,

आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१२ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाले यस आ. व. मा प्रवाह गरेको सेवा प्रवाहको स्थिति देहाय बमोजिमको रहेको छ । यस विवरणमा मुख्यतः पञ्जीकरणतर्फको र घरनक्सा दर्ता पास को तथ्याङ्क मात्रै समावेश छ । अन्य सेवाका सम्बन्धमा पालिकाबाट विवरण प्राप्त हुन सकेन । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सहज, सरल र प्रभावकारी ढङ्गले प्रवाह गर्दै त्यसको व्यवस्थित अभिलेखीकरण समेत गर्नुपर्दछ ।

विवरण	**निवेदन दर्ता**	**सेवा शुल्क दर**			**सिफारिस भएको संख्या**
स्वीकृत घरनक्सा दर्ता पास	१०३	घरको स्टक्चर अनुसार फरक फरक दर रेट रहेको			७५
पञ्जीकरण तर्फ			३५ दिन भित्र दर्ता भएको	३५ दिन पछि दर्ता भएको	
जन्मदर्ता	११५९	२००	२२७	९३२	
मृत्युदर्ता	४१६	२००	२४८	१६८	
बसाईसराई दर्ता	३१५	२००	२५८	५७	
विवाह दर्ता	६१८	२००	१२८	४९०	
सम्बन्ध विच्छेद दर्ता	८५	२००	३०	५५	
जम्मा	२५९३		८९१	१७०२	

१३ धरौटीको हिसाब

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **२१,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१४ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने

व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रु.३० लाख ट्रान्सफर गरेकोमा कोष सञ्चालनसम्बन्धमा पालिकाबाट आवश्यक कानूनी व्यवस्था भएको छैन भने नियममा भएको व्यवस्था वमोजिम खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकममात्र थप गर्नुपर्ने व्यवस्था अवलम्वन गरेको पाइएन । अतः कोष सम्बन्धि कानून बनाई व्यवस्थित गर्नुपर्दछ ।

१५ करार कर्मचारी हित कोष

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । त्यसैगरी सोही ऐनको स्थानीय दफा १५(१) अनुसार स्थानीय सेवाको पदमा यस अध्यादेशमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ती गर्न नपाइने तथा दफा १६(१) स्थानीय सेवाका कर्मचारीले गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ । मिति २०७६ पौष २२ को नगरसभाबाट स्वीकृत गराई मिति २०७६ माघ १ देखि लागू हुनेगरी पालिकाले अस्थाई/करार कर्मचारी कल्याण बचत कोष ऐन, २०७६ जारी गरेको देखिन्छ । सोही ऐनको दफा ५ को उपदफा (२) मा उपदफा १ बमोजिम कोषमा रकम जम्मा गर्न मन्जुरी दिने करार कर्मचारीको मासिक तलबको ५ प्रतिशत कट्टा गरिने र सोही ५ प्रतिशत बराबरको रकम पालिकाले थप गरी कोषमा जम्मा गर्ने व्यवस्था भएको पाइयो । सोही बमोजिमको कोषलाई हित कोष नामाकरण गरिएको पालिकाले जनाएको छ । पालिकाले पेश गरेको विवरण अनुसार करार तथा ज्यालादारीमा १९८ जना भर्ना गरी करार सेवा शुल्कमा रु.५ करोड ५० लाख खर्च लेखेको छ भने करार कर्मचारी हित कोषमा करार कर्मचारीहरुको पारिश्रमिकबाट ५ प्रतिशत र पालिकाबाट ५ प्रतिशत थप गरी यो वर्ष रु.४६४८७४५।०० राखेको पाइयो । यसरी नियममा भएको व्यवस्थाबमोजिम रिक्त पदमा स्थायी पदपूर्ति गर्नुपर्नेमा करार कर्मचारीलाई थप सुविधा दिँदा पालिकालाई रु.२३२४३७३।०० थप व्ययभार भएको देखिएको छ । थप ५ प्रतिशत रकमको व्यवस्थापनका लागि श्रोतको विषयमा ऐनमा व्यवस्था भएको पाइएन । यसरी दिगो श्रोतको सुनिश्चितता विना सुरुवात गरिएको कामले स्थायित्व नपाउनेका साथै अन्य अत्यावश्यक कार्यका लागि स्रोत अभाव समेत हुन सक्ने अवस्थालाई मध्यनजर गरी यस्तो खर्चमा मितव्ययिता अपनाउनुपर्ने देखिन्छ । स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को मर्म विपरित देखिएको यो खर्च नियमसम्मत मान्न सकिएन रु...

कर्मचारी संख्या	समयावधी
४	६/६ महिना
१६५	६/६ महिना
२९ जना ज्यालादारीमा	६/६ महिना

अनियमित भएको	२३,२४,३७३

१६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकामा हालसम्म १५ वटा ऐन, ७ वटा नियमावली, ७१ कार्यविधि गरी ९३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा रहेका छन् । साथै पालिकाले उक्त कानूनहरु निर्माण गरी विभिन्न मितिमा सभा, कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गराएको जनाएको छ ।

१७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर पालिकामा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी

१२ र यो वर्ष थप भएको ३ गरी कुल १५ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ नगर युवा स्वरोजगार कोष

पालिकामा रहेका यूवा जनशक्तिलाई सीप तालिम प्रदान गर्दै स्थानीय स्तरमा व्यवसाय संचालन गर्न ऋण प्रवाहको माध्यमवाट गरिवि निवारणका लागि युवा स्वरोजागार कार्यक्रमलाई व्यवस्थित गर्ने उद्देश्यले नगर युवा स्वरोजगार कोष सञ्चालन कार्यविधिको व्यवस्था गरी पालिकाले १४६ जनालाई रु.३६३०००००।०० विना धितो ऋण उपलव्ध गराएको देखियो । उक्त कार्यविधि अनुसार ऋण भुक्तानी अवधि बढीमा २ वर्ष हुने र समयभित्र किस्ता नतिरेमा ५ प्रतिशतका दरले जरिवानासहित असुल हुने उल्लेख छ । उक्त कार्यविधि अनुसार ऋण प्राप्त गर्न सफल उद्यमीहरुले प्राप्त गरेको ऋण अनिवार्य रुपमा फिर्ता गर्नुपर्ने अन्यथा ऋण रकम निजको जायजेथावाट असुल उपर हुने व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको देहायको विवरण अनुसार पालिकाले आ. व. ०७७।०७८ मा ६२ जनालाई रु.१६६०००००।०० र आ. व. ०७८।०७९ मा ८४ जनालाई रु.१९७०००००।०० गरी जम्मा १४६ जनालाई रु.३६३०००००।०० ऋण वितरण गरेकोमा लेखापरीक्षण अवधिसम्म ३१ जनाको रु.७९५०००००।०० पूर्णरुपमा प्राप्त भएकोमा ११५ जनाको रु.२८३५०००००।०० फिर्ता गर्न बाँकीमध्ये किस्ताबापत रु.७३२३२८७।०० किस्ता फिर्ता भई रु.२१०२६७१३।०० साँवा मात्र फिर्ता हुन बाँकी देखिएकोमा प्रारम्भिक प्रतिवेदन जारी भइसकेपछि साँवाबापत रु.३२२७५६५।०० र जरिवानावापत रु.१६१३८१।०० गरी जम्मा रु.३३८८९४६।०० फिर्ता भई प्रतिवेदन अवधिसम्म रु.१८६८१११४।०० असुल गर्नुपर्ने देखिन्छ । ऋण परिचालन भएको २ वर्ष व्यतित भई सक्दा पनि फिर्ता हुन बाँकी देखिएको उक्त रकम सम्बन्धित ऋणीहरुबाट ५ प्रतिशत जरिवाना सहित असुल गर्नुपर्ने रु.....

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३३,०९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२६४,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१६३,६११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२३२,१०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१५१,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१४३,६६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१२२,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१९८,९७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४९,७२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२२७,५६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **९१,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२२,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **९०,१११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **८७,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१५०,०८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२८१,८४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **२६५,२६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१३२,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१२१,५५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **६६,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४४,२६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **१४३,६६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **५५,२४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा १८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	१,८६,८९,११४

१९ पेश्कि व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरबाट असार मसान्तसम्म देखिएको पेश्की विवरण देहायबमोजिम रहेको छ । नियममा भएको व्यवस्था बमोजिम समयमानै पेश्की फछ्यौट गर्नुपर्दछ ।

क्र.सं.	पेश्की लिएको मिति	गो. भौ. नं.	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम	खर्च उपशिर्षक	चालु आ. व. म्याद ननाघेको	कैफियत (आ व ०८१।८२ मा फछ्र्यौट)
कर्मचारी							
१	६६१०५	१२३१	सिप विकास स्वास्थ्य सरसफाइ चेतना मुलक कार्यक्रम	रबिन योन्जन	२२५२२	४३००००	चालु २७२।०८१।७।१२ बाट पे. फ.
ठेकेदार							
१	६६०६१	४२	सडक स्तरोन्नति कार्य, १. सिलामे-वेल्टार सडक, वडा नं. ५ र १ २. डाढी रिङ् रोड वडा नं. १, ३.....धन्सारे मुलबोट बेलबोट पा	जगत मैया निर्माण सेवा	३११५१	५९८०००	सङ्घीय पूँजीगत २।०८१।६।१० बाट पे. फ.
२	६६०६१	४४	सडक स्तरोन्नति कार्य, १. सिलामे-वेल्टार सडक, वडा नं. ५ र १ २. डाढी रिङ् रोड वडा नं. १, ३. ..... धन्सारे मुलबोट बेलबोट पा	जगत मैया निर्माण सेवा	३११५१	५९८०००	सङ्घीय पूँजीगत २।०८१।६।१० बाट पे. फ.
३	६६१४५	६६५	नयाँ वडा कार्यलय भवन (एक वटा) निर्माण बहुवर्षीय कार्यक्रम	तारा ग्रुप अफ कम्पनी	३१११२	१२१३०००	
४	६६१६२	७४०	नयाँ वडा कार्यलय भवन (एक वटा) निर्माण बहुवर्षीय कार्यक्रम	तारा ग्रुप अफ कम्पनी	३१११२	१२१३०००	
व्यक्तिगत							
१	६६१०१	१६३	स्थानीय तह कार्यक्रम समन्वय समितिको बैठक (LGPCC Meeting)	नवराज दाहाल	२११३९	४२७००	सङ्घीय चालु ५१।०८१।०८।१० बाट पे. फ.
२	६६१०१	१६३	वैदेशिक रोजगारीबाट स्वदेश फर्केका व्यक्तिहरूका सञ्जालको क्षमता विकास कार्यक्रम (जिल्ला तह सञ्जाल)	नवराज दाहाल	२२५२२	२०००००	सङ्घीय चालु ५१।०८१।०८।१० बाट पे. फ.

२० प्रशासकीय सङ्गठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४९ दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म करार सहित १२६ जना पदपूर्ती भई २३ दरबन्दी रिक्त रहेको विवरण पेश भएको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर, कृषि अधिकृत, जनस्वास्थ्य सहितका पदहरु रिक्त रहेका छन् । पालिकामा रिक्त रहेका अधिक दरबन्दीमा करारवाट पदपूर्ती भएको देखिन्छ । दरबन्दीबमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थः रिक्त पदहरु यथाशक्य छिटो पूर्ती गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । साथै पालिकाले लोकसेवा आयोगसँग परामर्शबेगर २ जना (कविराज निरिक्षक छैटौं तह १ जना र जनस्वास्थ्य निरीक्षक १ जना) को स्तरवृद्धि गरेकोले लोकसेवाको स्वीकृतिबेगर स्तरवृद्धि गर्ने कानूनी आधार पेश हुनुपर्दछ ।

क्र.स	स्वीकृत पद	दरबन्दी संख्या	पदपूर्ती(आषाढ मसान्तको स्थिति)				रिक्त पद	कैफियत
			संघबाट समायोजन भई आएको	साविक स्थानीयमा कार्यरत	आन्तरिक पदपूर्ती	करारबाट		
१	प्रमुख प्रशासकीय अधिकृत	१ जना	-	-	-	-	०	
२	ईन्जिनियर	९/१०-१७/८-१६-१६ करार-२ गरी -जम्मा दरबन्दी- ५	-	२ जना	-	२ जना	९/१०तह-१ ७/८ तह-१	२ जना तह बृद्धिमार्फत
३	शिक्षा अधिकृत	९/१० तह -१जना ७/८ तह-१ जना	२ जना	-	-	-	-	९/१० हाल रिक्त जेष्ठ २०८१
४	लेखा अधिकृत	१ जना	१ जना आठौ	छैठौ- २ जना	-	-	-	२ जना तह बृद्धि भई छैटौं भएको
५	प्रशासन अधिकृत	४ जना	१ जना सातौ	३ जना -छैठौ	-	-	-	१ जना तह बृद्धि भई छैटौं भएको
६	कृषि अधिकृत	१ जना	-		-		१	
७	पशु अधिकृत	३ जना	-	२ जना	-	१	-	२ जना तह बृद्धि भई छैटौं भएको
८	हे.अ		-		-		-	
९	आन्तरिक लेखापरिक्षक	१ जना	-	१ जाना आठौ र १छैठौ	-		-	१ जना तहबृद्धि भई छैटौं भएको
१०	प्रशासन सहायकपाचौं	५ जना	२ जना	४ जना	-		-	४-जना स्थानीय तह बृद्धि भई पाँचौ भएको
११	कम्प्यूटर अपरेटर पाचौ	२ जना	१ जना	१ जना	-		-	
१२	लेखा सहायक पाचौं				-		-	तह बृद्धि भई छैटौं भएको
१३	प्रा.स (शिक्षा)	१ जना	१ जना		-		-	
१४	सब ईन्जिनियर	१४ जना		८ जना	-	६ जना	-	
१५	सहायक पाचौं कृषि	२ जना	२ जना		-		-	

क्र.स	स्वीकृत पद	दरबन्दी संख्या	पदपूर्ती(आषाढ मसान्तको स्थिति)				रिक्त पद	कैफियत
			संघबाट समायोजन भई आएको	साविक स्थानीयमा कार्यरत	आन्तरिक पदपूर्ती	करारबाट		
१६	सहायक पशु स्वास्थ्य प्राविधिक	३ जना	२ जना		-		-	
१७	सहायक पशु सेवा प्राविधिक				-			
१८	अ.हे.व	२२ जना	२२ जना		-	८ जना		२२ जना मध्ये ८ जना अधिकृतस्तर छैटौं र १४ जना पाँचौस्तरमा तहबृद्धि र ६ जना करार र २- ज्यालादारीमा रहेका
१९	खा.पा.स.टे	-	-	-	-	-	-	-
२०	नायव पशु स्वास्थ्य प्राविधिक	१६ जना				६ जना	१० जना	
२१	नायव पशु सेवा प्राविधिक							
२२	अ.न.मी	२२ जना	१० जना			११जना -(१० करार १ ज्यालादारी)	१ जना	१० जनामध्ये २ जना छैटौं तह ६ जना पाचौंस्तरमा तह बृद्धि भएको । २ जना चौथो तहमा कार्यरत
२३	ना. प्र. सहायक कृषि	१५ जना				७ जना	८ जना	
२४	अ.सब. ईन्जिनियर	११- जना	८			३ जना		
२५	स.म.वि.नी	१ जना	१-जना -समायोजन					
२६	प्रशासन सहायक (चौथो)	३ जना	१ जना				२ जना	

वडा संख्या	वडा सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त संख्या
१४	सहायक पाचौ- ६ जना	३ जना	३ जना
	सहायक चौथो- ८ जना	५ जना	३ जना

२१ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको अख्तियारीतर्फ कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तथा अन्य खर्च तथा आम्दानीतर्फ पालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट वार्षिक आन्तरिक लेखापरीक्षण गराए पनि नियमानुसार त्रैमासिक प्रतिवेदन पेश गरेको देखिएन । यस सम्बन्धमा लेखापरीक्षण शाखामा २ जनाको दरबन्दी रहेता पनि वडा तथा अन्य शाखाको जिम्मेवारीमा रहेकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदन नियमानुसार गर्न नसकिएको जानकारी प्राप्त भएको छ । आन्तरिक लेखापरीक्षणका लागि तोकिएको जनशक्ति सोही काममा खटाई तोकिए बमोजिम नै आन्तरिक लेखापरीक्षण गरी सामयिक सुधार गर्न पहल गर्नु उपयुक्त हुन्छ । कानूनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

२२ बजेट तथा कार्यक्रम तर्जुमा समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२३ क्षेत्रगत बजेट तथा खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चकोस्थिति देहायअनुसार रहेको देखिन्छ ।उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा रु.५८ करोड ६२ लाख ९८ हजार विनियोजन भएको छ भने सबैभन्दा कम संस्थागत विकास तथा सुशासनमा १ करोड ७६ लाख ७८ हजार बजेट विनियोजन भएको छ । अतः पालिकाको एकीकृत, समानुपातिक तथा दिगो विकासका लागि सबै क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी खर्च गर्ने क्षमतामा सुधार गर्नुपर्दछ।

क्र.सं.	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	८८८६५०००।००	६६५३१३२७।००	७५
२	पूर्वाधार विकास	३८१५३७२०४।००	२४४१०६११९।००	६४
३	सामाजिक विकास	६८१३८४८७१।००	५८६२९८५१३।००	८६
४	संस्थागत विकास सेवा प्रवाह र सुशासन	३२१४५०००।००	१७६७८२३६।००	५५
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	२३३१७६७५९।००	२१०२५००३९।००	९०
जम्मा		**१४१७१०८८३३।००**	**११२४८६४२३४।००**	**७९**

२४ बजेट तथा अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगर उपप्रमुखले मिति २०८०/०३/१० मा रु.१ अर्ब ३९ करोड ४१ लाख ३४ हजार छ सयको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०/०३/१८ मा पारित भएको छ । यसैगरी पालिका

प्रमुखले मिति २०८०/०३/२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

२५ अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्न रकम चालु तथा पूँजीगत शीर्षकमा अवण्डा राखी खर्च गरेको छ ।

क्र.सं.	आयोजनाको नाम	रकम रु.
१	अवण्डा चालु खर्च	२४९२१४८।००
२	अवण्डा पुँजीगत खर्च	३४८८२४८।००
जम्मा		५९८०३९६।००

बजेट अवण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थः बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२६ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नाअनुसार वडाको लागि वडागत र पालिकास्तरका कुल ७९० योजनामा बजेट विनियोजन गरेको छ।

कार्यक्रमको नाम	रु. १ लाख सम्म	रु.१ लाख देखि २ लाख सम्म	रु. २ लाख देखि ५ लाख सम्म	रु. ५ लाख देखि १० लाख सम्म	रु. १० लाख देखि ५० लाख सम्म	रु. ५० लाख भन्दा बढी	जम्मा
वडास्तरीय	१९६	२७०	१६४	४५	७	-	६७२
पालिकास्तरीय	२७	१७	२०	२२	१६	१६	११८
जम्मा	२२३	२८७	१८४	६७	२३	१६	७९०

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थः पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२७ खर्च विश्लेषण

पालिकामा यसवर्ष अनुदानबाट रु.७३७३१०३६३।००, राजश्व बाँडफाँटबाट रु.२८४७१३६७४।०० आन्तरिक आयतर्फ रु.६९५४०८९६।०० समेत रु.१,०९,१५,६४,९३४।०० आम्दानी भएकोमा चालुतर्फ रु.७८,१६,७८,४९५।०० र पूँजीगततर्फ रु.३४,३१,८५,७३७।८४ र समेत रु.१,१२,४८,६४,२३३।०० खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ६.३७ प्रतिशत रहेको छ । त्यस्तै कुल खर्च मध्ये ६९.४९ प्रतिशत चालु र ३०.५१ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । त्यस्तै यसवर्ष पदाधिकारी सुबिधामा रु.१ करोड २५ लाख ५४ हजार खर्च भएको छ, जुन आन्तरिक आयको १८.०५ प्रतिशत रहेको छ ।

यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

विवरण	विनियोजन रकम रु.	खर्च रकम रु.	बजेटको तुलनामा खर्चको प्रतिशत
पूँजीगततर्फ	५१,००,९०,०००।००	३४,३१,८५,७३७।८४	६७.२८
चालुगततर्फ	८७,०३,५१,६२९।६५	७८,१६,७८,४९५। ७५	८९.८१

२८ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ [२] बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहायबमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
चालु खर्चतर्फ	७८१६७८४९५।७५	१८०७८२७६०।१८	१६८११८७८८।८०	२१४९७८७६९।४२	२१७७९८१७७।३५	१४९०९९८१०।४९
पूँजीगत खर्चतर्फ	३४३१८५७३७।८४	३४७८९८४।००	५८३४८०३७।००	१२१९३४४९८।००	१५९४२४२१८।८४	७४९८९६८४।८४
जम्मा	**११२४८६४२३३।५९**	**१८४२६१७४४।१८**	**२२६४६६८२५।८०**	**३३६९१३२६७।४२**	**३७७२२३९६।१९**	**२२४०८९४९५।३३**
प्रतिशत	**१००**	**१६.३८**	**२०.१३**	**२९.९५**	**३३.५४**	**१९.९२**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११२४८६४२३३।५९ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१८४२६१७४४।००(१६.३८ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२२६४६६८२५।८० (२०.१३ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.३३६९१३२६७।४२ (२९.९५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.३७७२२२३९६।१९ (३३.५४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२२ करोड ४० लाख ८९ हजार (१९.९२प्रतिशत) खर्च भएको देखिएको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

- **·लक्ष्य प्रगति :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियमबमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना संख्या	यो वर्ष खर्च	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
८१०	२५३७३७२५०				७९६
७५ प्रतिशत भन्दा कम प्रगति हुनाको कारणः वडा स्तरिय १४ वटा कार्यक्रम योजना सम्झौता नभएको ।					

२९ अधुरा निर्माण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समिक्षा गर्नुपर्ने र यसरी गरिने समिक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समिक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरुसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।योजना सम्पन्न गर्न लाग्ने अवधि समायवधि तथा लागतका आधारमा वार्षिक लक्ष्य निर्धारण गरी आवश्यक स्रोतको सुनिश्चितता पश्चात योजना सञ्चालन गर्नुपर्दछ । यस कार्यालयअन्तर्गत सञ्चालित कतिपय योजनाहरुको सम्पन्न गर्ने अवधि, कुल लागत तथा वार्षिक लक्ष्य निर्धारण एवम् बजेट विनियोजनबीच सामञ्जस्यता देखिएन ।योजना सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन । तसर्थः योजना सञ्चालन गर्दा सञ्चालित योजना तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुनेगरी कार्यक्रम सञ्चालन गर्नेतर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।केही अधुरा योजनाका उदाहरण निम्न छन्

सि.नं.	निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो बर्षसम्मको खर्च	भौतिक प्रगति (%)
१	सभाहल निर्माण कार्य	महादेव खिम्ति- अन्जना- सरस जे भी , पुतलीसडक	२०७८-०३-२४	२०८१-०६-१५	७९५३६।२७	७५
२	चियावारी केवरे केरावारी सडक स्तरोन्नती	शिखर हुस्से निर्माण सेवा, कमलामाई	२०८०-०८-११	२०८१-०२-३२ (२०८१-०५-३१)	८११६।८८	८०
३	माइस्थान इश्वरपुर सडक स्तरोन्नती	सी एस कन्स्ट्रक्सन एण्ड कंक्रिट प्रोडक्ट्स प्रा लि, कमलामाई	२०८०-०७-२०	२०८१-०२-३२ (२०८१-०५-३१)	९५१९।६८	९७

३० आर्थिक सहयोग

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । आर्थिक सहयोग शीर्षकबाट २३२ जनालाई रु. १०००।०० देखि रु.५०,०००।०० सम्म आर्थिक सहयोग उपलब्ध गराई कुल रु.२३,९४,७६७।०० बराबरको रकम भुक्तानी गरेको देखिन्छ । त्यस्तै बाल समितिको निर्णयानुसार ४२ जना गरिब असहाय बालबालिकालाई जनही रु.३५००।०० का दरले रु.१४७०००।०० नगदै वितरण गरेको देखिन्छ । कार्यपालिकाले निर्णय गरी पालिका प्रमुखको तोक आदेशबमोजिम २५०००।०० सम्म र सो भन्दा बढी रकम दिनुपरेमा कार्यपालिकाले निर्णय गरेर मात्र दोहोरो नपर्ने गरी आर्थिक सहयोग गर्ने भनिए ता पनि कतिपय व्यक्तिलाई पटक पटक आर्थिक सहयोग भुक्तानी भएको पाइयो भने कतिपय अवस्थामा ५००००।०० सम्म कार्यपालिकाको निर्णयविना भुक्तानी भएको पाइयो । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६९५४०८९६।०० को ३.६६ प्रतिशत हुन आउँछ । यसरी आर्थिक सहायता जस्तो अनुत्पादक क्षेत्रमा खर्च हुन जाँदा पालिकाको विकास निर्माण तथा सामाजिक विकासजस्ता महत्वपूर्ण क्षेत्रमा बजेटको अभाव हुन सक्दछ । अतः अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण कायम गर्नुपर्दछ ।

३१ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा रकमान्तर सम्बन्धी व्यवस्था रहेको छ । पालिकाको नगरसभाको मिति २०८० माघ २९ गते सम्पन्न भएको १४ औं अधिवेशनको दोश्रो बैठकले कार्यापालिकाबाट विभिन्न समयमा भएको पालिकाको विनियोजन ऐन, २०८० को अनुसूचीमा समावेश पूँजीगततर्फका २३ योजना तथा कार्यक्रमबाट रु.८३ लाख ९० हजार घटाएर २५ योजनामा सोही बराबर रकमान्तर गर्ने निर्णयलाई अनुमोदन गरेको छ । त्यस्तै, सोही बैठकबाट चालुतर्फका समेत समेटी ७ कार्यक्रममा बजेट कटाई शून्य, ८ कार्यक्रमका लागि बजेट नभएकोमा थप गरेको, सो बाहेकका ७ कार्यक्रममा बजेट थप तथा ५ कार्यक्रममा बजेट घटाई खुद रु.२० लाख ५० हजार को थपघट भई रकमान्तर भएको छ । त्यस्तै पूरक बजेटमार्फत आय तथा व्यय दुवैतर्फ रु.१ करोड ८० लाख थप गरिएको छ ।यसले गर्दा न्यून रकमका टुक्रे कार्यक्रमको संख्या बढेको देखिन्छ ।यसरी चालु रहेको आर्थिक वर्षको बीचमा बनेका कार्यक्रमहरु पर्याप्त योजना र तयारीको अभावमा दिगो नहुने र बजेट खर्च बढेको देखिए पनि नीति तथा योजना, मध्यमकालीन खर्च

संरचना तथा आवधिक योजनाले परिकल्पना गरे भन्दा फरक प्रवृत्तिमा खर्च हुनाले अपेक्षित रुपमा प्रतिफल प्राप्त गर्न नसकिने हुँदा यस्तो अवस्थामा सुधार गर्नुपर्दछ ।

३२ न्यानो झोला

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले दिएको निम्नानुसारको विवरण अनुसार यस वर्ष पालिकामा ४२७ शिशु जन्मिएका थिए भने पालिकाबाट अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा ४२७ वटा न्यानो झोला वितरण गरिएको र गत वर्षको मौज्दात ८४ वटा रहेकोमा पालिकाको भण्डारमा खरिद गरिएका जम्मा २५७ थान न्यानो झोला मौज्दातमा रहेका देखिन्छन् ।खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।तसर्थः माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

क्र सं	स्वास्थ्य संस्थाको नाम	वर्षभरि जन्म भएका शिशु संख्या	पालिकाबाट यस आ. व. मा प्राप्त न्यानो झोला संख्या	वितरण संख्या	वर्षको शुरु मौज्दात	खर्च नभई रहेको वर्षको अन्तिम मौज्दात
१	कमलामाइ नगरपालिका स्वास्थ्य शाखा	४२७	६००	४२७	८४	२५७

३३ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षकअन्तर्गत वार्षिक रु.३४ करोड ३१ लाख ८५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियमबमोजिम वार्षिक खरिद योजना र गुरुयोजना बनाई खरिद कार्य गरेको देखिएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३४ अनिवार्य तथा निशुल्क शिक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाई तथा प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रमका लागि शिक्षा निर्देशनालय, बागमतीबाट रु.४६ लाख बजेट विनियोजन भई रु.४३ लाख ६८ हजार खर्च भएको देखिन्छ । कार्यक्रमको उद्धेश्य विद्यालय बाहिर रहेका सबै बालवालिकाहरुलाई विद्यालयमा भर्ना गराउने, विद्यालयमा टिकाउने र गुणस्तरीय र सीपमुलक शिक्षा दिन अभिभावक चेतना दिने, प्रचार प्रसार गर्ने, सबै बालबालिकाको लगत सङ्कलन गर्ने, मेन्टरिङ काउन्सिलिन्ङ गर्ने, बालमैत्री शैक्षिक सामाग्री तथा कक्षाकोठा व्यवस्थापन गर्ने, विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि सहयोग जस्ता कार्य गरी अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणासम्मका कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमको उद्देश्य रहेकोमा मिति २०८१।३।६ मा पालिकाले अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणा गरेको पाइयो । घोषणा भएता पनि बालमैत्री शैक्षिक सामाग्री तथा कक्षा कोठा व्यवस्थापनका सामाग्रीहरु २०८१ श्रावण पश्चात मात्र विद्यालयमा दाखिला भएको पाइयो । अपाङ्ग तथा विशेष बालबालिकाहरुका लागि विशेष सहयोगको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा सामान्य बालबालिका सामाग्री मात्र वितरण गरेको देखियो । कार्यक्रमको उद्धेश्य बमोजिम प्रत्येक कार्यक्रम चरणबद्ध रुपमा सम्पन्न गर्दै कुनै पनि बालबालिका विद्यालय बाहिर नरहून भन्ने रहेकोमा पालिकाले दिएको विवरण अनुसार २८७ जना विद्यार्थी यस कार्यक्रमबाट लाभान्वावित भएको जनाए पनि सबै विद्यार्थी विद्यालय भर्ना भए/नभएको र निरन्तर विद्यालय गए/नगएको सम्बन्धमा अनुगमन मूल्याङ्कन भएको देखिएन ।

३५ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामानमध्ये मर्मत गर्नुपर्ने, सामन ३ महिनाभित्र र लिलाम गर्नुपर्ने, सामन ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सम्पुर्ण समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन ।स्वास्थ्यको खरिद पनि एकीकृत रुपमा PAMS मा जिन्सी दाखिला गर्नुपर्नेमा गरेको पाइएन। पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन ।अतः नियमावलीको व्यवस्थाअनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३६ निकासी कर

पालिकाले विभिन्न ९ स्थानका लागि नदीजन्य पदार्थको न्यूनतम कवोल अङ्क कुल रु.३६१५०२८५।०० को ठेक्का आव्हान गरेकोमा ५ वटा स्थानमा ठेक्का लागि रु.१३९५१९९९।०० को सम्झौता गरी राजश्व सङ्कलन गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरुः

३६.१ राष्ट्रिय गौरवको योजनाका लागि डाँडी खहरेमा चाइना ओभरसिज ई ग्रुपसँग रु.४७६२८००।०० सम्झौता गरी राजश्व सङ्कलन गरेको छ । ठेक्का आव्हान गरेका ९ मध्ये ठेक्का नलागेका ४ वटा स्थानको बोलपत्र सूचना अनुसार रु.२२१४९२४२।०० को ठेक्का आव्हान भएकोमा ठेक्का नलागि तीमध्ये १ वटा स्थानमा मात्र अमानतवाट राजश्व सङ्कलन गरी रु,१६६९०६८।०० सङ्कलन गरेको छ । पालिकाको सुरु सूचनाबमोजिम कुल रु.३६१५०२८५।०० सङ्कलन गर्ने लक्ष्य राखेकोमा बोलपत्र तथा अमानतवाट रु.२०३८३८६७।०० मात्र सङ्कलन भई रु.१५७६६४१८।०० घटी राजश्व सङ्कलन भएको पाइयो । अतः पालिकाले आफ्नो आम्दानी अभिवृद्धि गर्न समयमा ठेक्का लगाउने, अनुगमनलाई प्रभावकारी बनाउदै नदीजन्य पदार्थको अवैध चोरी निकासी नियन्त्रण गर्ने तथा ठेक्का नलागेमा पनि समयमै पर्याप्त व्यक्ति तथा कर्मचारी खटाई अमानतवाट सङ्कलन हुने राजश्वमा पनि अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

३६.२ पालिकाको क्षेत्र भित्र नदीजन्य पदार्थ (ढुंङ्गा,गिटि र वालुवा) को उत्खनन सङ्कलन तथा निकासी कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण गरे पनि प्रतिवेदनका सुझावलाई कार्यान्वयन गरेको पाइएन । ढुँङ्गा, गिट्टी मापदण्ड, २०७७ को दफा ९ मा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्रीसम्बन्धी प्रकियाको अनुगमनसम्बन्धी व्यवस्था बमोजिम चेक लिष्ट तयार गरी नियमित अनुगमन तथा प्रतिवेदन गर्ने गरेको देखिएन । ठेक्कावाट सङ्कलन गर्न सक्ने परिणाम र सङ्कलन गरेको परिणाम सम्बन्धमा भिडान गरी अभिलेख राख्ने गरेको पाइएन । सम्झौता अनुसार ठेकेदारले आफूले उत्खनन तथा बिक्री गरेको परिमाणको विवरण खुल्ने प्रतिवेदन महिनामा दुई पटक अर्थात प्रत्येक १५ दिनमा कार्यालयको राजश्व शाखामा उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । अतः कानुन तथा सम्झौतामा व्यवस्था भए अनुसार महिनाको दुईपटक पालिकाले प्रतिवेदन माग गरी सो सम्बन्धमा अनुगमन बढाउनुपर्ने देखिन्छ ।

३६.३ ढुङ्गा, गिट्टी मापदण्ड, २०७७ को नियम १४ बमोजिम पालिकाले साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम अनुमती वा नविकरण शुल्क वा करबाट सङ्कलित राजश्वमध्ये साठी प्रतिशत रकम सम्वन्धित पालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्वन्धित प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको सुत्रको राजश्व सङ्कलनको गौश्वारा भौचरमा विभाज्य कोषको एउटै भौचर नम्बर दुई पटक फरक फरक किसिमको निकलिएको देखियो । यस सम्बन्धमा जानकारी लिँदा सुत्र सफ्टवेयरमा भौचर अटो जेनेरट गर्दा सफ्टवेयरबाटै यस्तो समस्या आएको कार्यालयले जनाएको छ । यसरी एउटै भौचर फरक-फरक देखिँदा यथार्थ हिसाव यकिन गर्न सकिएन। अतः सफ्टवेयर डेभलपरले पनि यस्ता समस्या समयमै निराकरण गरी आर्थिक कारोवार यथार्थपरक देखाउने किसिमले सफ्टवयेर अपग्रेड गर्नु पर्दछ । पालिकाको विभाज्यकोषको बैंक स्टेटमेन्ट अनुसार आ.व. ०८०।०८१ मा रकम रु.१९००८८०३।०० जम्मा भएकोमा रु.१७८६८३७५।०० को ४० प्रतिशत रु.७१४७३५०।०० प्रदेशमा र ६० प्रतिशत रु.१०७२१०२५।०० पालिकामा बाडँफाँट गरिएको देखिन्छ भने बाँकी रकम

रु.११४०४२८।०० आ.व. को अन्त पश्चात पनि बैंकमा नै मौज्दात देखिएकोमा पालिकाले चालु आ. व. २०८१।८२ मा दाखिला गरेको जनाएको छ ।

३६.४ पालिकामा अमानतबाट सङ्कलित करको दैनिक रुपमा चेकजाँच गर्ने तथा आन्तरिक नियन्त्रण गर्ने कुनै संयन्त्र खडा गरेको देखिएन । वडा ८ मा अमानतवाट राजश्व सङ्कलन गर्न वडा समितिले हेमलाल श्रेष्ठलाई लगाउने निर्णय गरी खटाएको देखिएकोमा राजश्व सङ्कलन जस्तो संवेदनशिल विषयमा उक्त व्यक्तिसँग कुनै सम्झौता करार भएको देखिएन, जसले गर्दा उक्त व्यक्तिको जिम्वेवारी र जवाफदेहितामा विश्वस्त हुने आधार देखिएन । अमानतवाट उठेको रकमको २० प्रतिशत रकम प्रोत्साहन स्वरुप खटिने व्यक्तिलाई उपलव्ध गराउने निर्णय गरेकोमा उक्त रकम वडा ८ सचिवले बुझी हेमलाल श्रेष्ठलाई भुक्तानी गरिएको छ । अतः अमानतवाट राजश्व सङ्कलनमा खटिने व्यक्तिलाई प्रत्यक्ष जिम्मेवार बनाउन उक्त व्यक्तिसँगै सम्झौता गरी भुक्तानी पनि सम्वन्धित व्यक्तिलाई नै हुने व्यवस्था गर्नुपर्दछ ।

३६.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको नगदी सोही दिन वा त्यसको भोलीपल्ट तथा १० दिनभन्दा बढी दिनमा पनि दाखिला नभए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतका दरले जरिवाना समेत दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार विभागिय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । त्यस्तै रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को दफा २७(१) बमोजिम कुनै ठेकदारले आफुले कबुलियत बमोजिम काम नगरेमा , ठेकदारबाट लिनुपर्ने बाँकी र त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारवाट असुल उपर गर्न सक्ने व्यवस्था रहेको छ । अतः पालिकामा नदीजन्य पदार्थको ठेक्का पाएका निम्न कम्पनिहरुले सम्झौता वमोजिम समयमा किस्ता नबुझाएकोले ढिला राजश्व दाखिला गरेको रकमको १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने रु....

ठेकेदारको नाम	आय ठेक्काको विवरण	सम्झौता रकम	सम्झौता मिति	सम्झौता अवधि	असुल रकम	मु.अ. कर रकम (सम्वन्धित वाटै दाखिला)	जरिवाना रकम
हिमानी/काव्य कन्स्ट्रक्सन सुनकोशी गा.पा.-४ सिन्धुली	मरिण खोला ढुंगेडाँडा (खारखोला) खण्ड	४३०००००।००	२०८०/०६/१०	२०८१ जेष्ठ मसान्त	४३०००००।००	५५९०००।००	तेश्रो किस्ता रु.१५०५०००।०० जेष्ठ मसान्तमा वुझाउनु पर्ने 2०८१।४।१० मा ब◌ुझाएकोले जरिवाना रु.१५०५००।००
कुण्डलिनी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कमलामाई न.पा.-६ सिन्धुली	कमला भिमान खोला दोभान खण्ड	९००००००।००	२०८०/०६/१७	२०८१ जेष्ठ मसान्त	९००००००।००	११७०००।००	रु.६७५०००।०० जेष्ठ मसान्तसम्म बुझाउनुपर्ने २०८१ असार २६ मा दाखिला १० प्रतिशत जरिवाना रु.६७५००।००
रुक्सा कन्स्ट्रक्सन प्रा.लि. कमलामाई न.पा.-५ सिन्धुली	बुका खोला र गडौली खोला खण्ड	८०१०००।००	२०८०/०६/१०	२०८१ जेष्ठ मसान्त	८०१०००।००	१०४१३०।००	तेश्रो किस्ता रु.२८०३५०।०० जेष्ठ मसान्तमा बुझाउनु पर्ने २०८१।३।१० मा बुझाएकोले १० प्रतिशत जरिवान रु.२८०३५।००
सुजन साथीभाई कन्स्ट्रक्सन प्रा.लि. हरिहरपुरगढी गा.पा.-५ सिन्धुली	ग्वाङ्ग खोला फाल्चुरी काराघार खण्ड	१६५१०००।००	२०८०/०६/१०	२०८१ जेष्ठ मसान्त	१६५१०००।००	२१४६३०।००	जेष्ठ मसान्त भित्र वुझाउनु पर्ने रु.१२३८२५०।०० असार १६ मा दाखिला जरिवाना रु.१२३८२५।००
सि.एस. कन्स्ट्रक्सन कन्क्रिट प्रोडक्टस प्रा.लि.	कमला खोला चन्दनपुर क खिरखिरे कमलादोभान माथिल्लो खण्ड	६२९९९९९।००	२०८०/०७/१४	२०८१ जेष्ठ मसान्त	६३९९९९९।००	८१८९९९।९७	जेष्ठ मसान्त भित्र दाखिला
चाइना ओभरसिज इन्जिनियरिङ्ग ग्रुप अफ	डाँडी खहरे	४७६२८००।००	२०८०/०६/२२	२०८०/०८/१३	४७६२८००।००	६१९१६४।००	समयमा दाखिला

कम्पनी प्रा.लि.							

असुल गर्नुपर्ने	३,६९,८६०

३७ **हाट बजार व्यवस्थापन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा बहाल विटौरी कर उठाउन सक्ने व्यवस्था छ । पालिकाको भिमान इनारपानीमा प्रत्येक शुक्रबार लाग्ने हाटका लागि स्टेला कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग रु.१०,००,०००।०० मा सम्झौता भएकोमा दोस्रो र तेस्रो किस्ताको रकम समयमा नै दाखिला नभई श्रावणमा समेत दाखिला भएको पाइएकोले सम्झौताको बुदाँ नं. ३ बमोजिम म्यादभित्र किस्ता नबुझाएमा १० प्रतिशत जरिवाना लिन सक्ने व्यवस्था बमोजिम रु.७,५०,०००।०० को रु.७५,०००।०० असुल हुनुपर्नेमा रु.१५,०००।०० मात्र असुल भएको देखिएकोले बाँकी रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६०,०००

३८ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८ करोड प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६ करोड ९५ लाख अर्थात ८७ प्रतिशत आय प्राप्त गरेको छ । पालिकाले यो वर्ष निम्न शीर्षकमा गरेको आय अनुमान र असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
११३१३ - सम्पती कर	१२००००००	१२०४७२२८.००	१००.३९
११३१४ - भुमिकर/मालपोत	५५००००	२५७१६.८०	४.६८
११३१७ - वहाल कर	१४५०००००	१३७८००६७.०१	९५.०३
११३१८ - वहाल विटौरी कर	८०००००	६९८९१३०.३१	८७.३६
११६९१ - अन्य कर	२६०००००	३१६०२	१.२२
१४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	०	३०५२५०	
१४१९१ - पर्यटन शुल्क	८०००००	६९६५४०	८.७१
१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	०	५४२८९८.०४	
१४२१८ - विद्युत सेवा शुल्क	०	२८०८०	
१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	४५०००००	८०९८४५८.१५	१७९.९७
१४२२१ - न्यायिक दस्तूर	०	५३००	
१४२२४ - परीक्षा शुल्क	०	१७९१००	
१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५०००००	२०७८०५	४१.५६
१४२४१ - पार्किङ्ग शुल्क	१२०००००	७४६०००	६२.१७
१४२४२ - नक्सापास दस्तुर	३५०००००	७६२२३४२.७९	२१७.७८
१४२४३ - सिफारिश दस्तुर	७०००००	५६४५४२७.५४	८०.६५
१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	३५००००	८३४४२०	२३८.४१
१४२४५ - नाता प्रमाणित दस्तुर	३२००००	५३४८८५	१६७.१५
१४२४९ - अन्य दस्तुर	६६५०००००	३९७८२९९	५९.८२
१४३१२ - प्रशासनिक दण्डजरिवाना र जफत	४८००००	६७७६९५.६१	१४१.१९
१४३१३ - धरौटी सदरस्याहा	१०००००	२०००००	२००
१४५२१ - प्रदुषण नियन्त्रण शुल्क	०	२५२७०.०१	
१४५२९ - अन्य राजस्व	६०००००	२६०९७३३	४३.५०
१४६११ - व्यवसाय कर	१७०००००	३७२९६४७.९८	२१९.३९
१५१११ - बेरूजू	२०५००००	०	
जम्मा	**८००००००**	**६९५४०८९६.२४**	**८६.९३**

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेको, राजश्व आम्दानी गर्दा राख्नुपर्ने म. ले. प. फा. नं. प्रयोग नगरेको तथा प्राप्त आम्दानी र प्राप्त हुनुपर्ने आम्दानी सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुन सकिएन ।

३९ सवारी उपकरण परिचालन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार सम्पत्तिको मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा विभिन्न सवारी उपकरण जस्तै व्याक हो लोडर, रोड रोलर, हाते रोलर, ट्रिपर, हुप्पर ट्रिपर, ट्रयाक्टर, एम्बुलेन्स, शक्सन ट्याँक, दमकल ट्याक्टर, टेलर लगायतका उपकरण रहेको छ।तीमध्ये पालिकालाई व्याक हो लोडर, रोड रोलर तथा शक्सनबाट मात्र रु.३२९२५०।०० आम्दानी भएको तथा अन्य उपकरणबाट विवरण पेश गरेको छ । पालिकामा रहेको उपकरणहरुको चालक पारिश्रमिक, ईन्धन र मर्मत जस्ता खर्च छुट्टिने गरी अभिलेखीकरण भएको पाइएन ।अतः यस्ता उपकरण खरिद तथा संचालन गर्दा लागत-लाभ विश्लेषणको आधारमा सञ्चालनको आवश्यकता र औचित्यताको विश्लेषण गरेर मितव्ययी तरिकाले गर्नुपर्दछ ।

४० सवारी पार्किङ शुल्क

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराएबापत पार्किङ्ग शुल्क लगाउन सक्ने व्यवस्था छ । पालिकाले सिन्धुली गढी भ्रमण तथा सो क्षेत्रमा सवारी पार्किङका लागि आर्थिक वर्ष तथा दररेट छपाई भएकै कुपन काउन्टरमा उपलब्ध गराई रकम सङ्कलन गरेको देखिन्छ । सो सम्बन्धमा परीक्षण गर्दा जारी भई खपत भएका कुपन फिर्ता भए तापनि भण्डार शाखामा फिर्ता दाखिला नगर्ने गरेको देखियो । रसिदहरु फिर्ता गरी प्रयोगको अवस्था अनुसार छपाई गर्न सहज हुने वातावरण मिलाउनु पर्दछ ।त्यस्तै कुपनहरु खपत भई उल्लेख्य संख्या पुगेपछि मात्र रकम र अर्धकट्टी राजश्व शाखामा प्राप्त भई प्रविष्टी हुने गरेको देखियो । सानो सानो रकमको लागि बैँक पुगिराख्नु व्यवहारिक नभएकोले यस्तो भएको पालिकाले जनाएको छ । यस्तो अवस्थामा QR मार्फत सिधै बैँक खातामा रकम जम्मा हुने व्यवस्था गर्न सकेमा त्यसको अभिलेख भिडान गर्न पनि सहज हुने हुनाले प्रविधि प्रयोग गरी कामलाई सरल, सहज र छिटो तथा पारदर्शी बनाउनेतर्फ पहल गर्नु उपयुक्त हुने देखिन्छ ।त्यस्तै आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा सङ्कलन भएका रकमका कुपनहरु सांग्रिला तथा सुत्रमा आ. व. २०८१ को श्रावणमा मात्र दाखिला भएको समेत देखिएकाले आमदानीको यथार्थ खुल्ने गरी सबै रकम सम्बन्धित आ. व. मै अभिलेखाङ्कन हुने व्यवस्था मिलाउनुपर्दछ ।पालिकाले आफ्नो अधिकार क्षेत्रमा रहेको बसपार्क क्षेत्रमा सवारी पार्किङ्ग शुल्कका लागि ठेक्का आव्हान गरी सुजन साथीभाई कन्स्ट्रक्सन प्रा. लि.सँग रु.१००५०००।०० मा सम्झौता गरेकोमा सम्झौता बमोजिम प्रथम किस्ता २५ प्रतिशत रु.२५१२५०।०० सम्झौताको समयमा बुझाएकोमा दोस्रो र तेस्रो किस्ता समयमानै नबुझाई २०८१ श्रावण महिनामा मात्र दाखिला भएको पाइयो । यसरी समय भन्दा ढिला राजश्व दाखिला भएको रकम रु.७५३७५०।०० को १० प्रतिशत जरिवाना रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.....

असुल गर्नुपर्ने	७५,३७५

४१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्कबापत रु.३७२९६४७।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन । तसर्थः पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी सबैलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

४२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय केन्द्रीय अनुदान खर्चमा प्रतिशत तुलना
६७६२६४०७०	६९५४०८९६	१०.२८

उपर्युक्त विवरणअनुसार पालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.२८ प्रतिशत मात्र रहेको छ । त्यसैले केन्द्रीय अनुदान माथिको परनिर्भरतालाई न्यूनीकरण गर्न पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४३ विज्ञापन कर

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ दफा ५ को १ को उपदफा १ बमोजिम एकल कर प्रशासनअन्तर्गत पालिकाले विज्ञापन करको दर पालिकाले लगाउने र उठाउने व्यवस्था रहेको छ । पालिकाले विज्ञापन कर बापत गत आ. व. २०७९।०८० मा आकृत एडभरटाईजिङ्गसँग रु.५९५०००।०० मा ठेक्का सम्झौता गरेकोमा यस वर्षका लागि रु.६५००००।०० सङ्कलन गर्ने उद्धेश्यले २०८०।३।१९ मा सूचना आव्हान गरेकोमा कुनैपनि ठेक्का नलागेको जनाएको छ । यसवाट पालिकाको आन्तरिक आयमा प्रभाव परेको छ । अतः पालिकाको आन्तरिक आय वृद्धि गर्न आय अनुमानलाई यथार्थपरक बनाउदै कर सङ्कलन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।

४४ राजस्व असुली -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानूनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु.६ करोड ९५ लाख राजश्व सङ्कलन गरेको छ । पालिकाले सेवाग्राहीको विवरण सुत्र सफ्टवेयरमा पोष्टिङ्ग गरी कम्प्युटर विलका आधारमा रकम सङ्कलन गर्ने र नगरपालिका तथा वडाका कर्मचारीहरुले नियमानुसार बैङ्कमा दाखिला गर्ने गरेको बताए पनि नमुना परीक्षणका क्रममा कतिपय वडामा वडाहरुको सङ्कलित रकम समयमानै दाखिला नगरेको पाइयो । अतः वडा तथा पालिकाले राजश्व दाखिला नियमानुसार समयमा नै गरी सोको यथार्थ विवरण राख्ने व्यवस्था गर्नुपर्दछ । पालिकामा राजश्व सङ्कलनका लागि २ वटा सफ्टवेयर सांग्रिला इन्फोसेयस र सुत्र सफ्टवेयर प्रयोग गरीएको पाइयो । यसरी एउटै कार्यका लागि दुईवटा सफ्टवेयर प्रयोग भई फरक-फरक विवरण प्राप्त भएको, फरक-फरक सफ्टवेयरमा प्रविष्टि गर्दा समय खेर गएको र फरक फरक विवरणको आधिकारितामा पनि प्रश्न उठ्न सक्ने भएकोले राजश्व सङ्कलनका लागि दुईवटा सफ्टवेयरको प्रयोगभन्दा तालुक निकायले निर्देशन तथा स्वीकृत गरेको सफ्टवेयरमा नै राजश्वको हिसाव यर्थाथपरक ढङ्गले व्यवस्थित गरी राख्नुपर्दछ । साथै पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गर्दै आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४५ प्रशोधन कर

पालिकाको नदीजन्य बालुवा प्रशोधन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५को दफा ११ (२) बमोजिम बालुवा प्रशोधन उद्योगले उत्पादन परिणामका आधारमा कर बुझाउनु पर्ने प्रावधान रहेको छ ।कार्यविधि अनुसार पालिकामा दर्ता भएका वालुवा प्रशोधन उद्योगहरुले मासिकरुपमा विवरण पेश गरी उत्पादन परिणामको प्रति क्युविक फिट ०.२५ का दरले मासिक रुपमा पालिकामा कर तिर्नुपर्ने व्यवस्था रहेकोमा आ. व. २०८०।०८१ को करबापतको रकम मिति २०८१।०८।२८ गतेको राजश्व परामर्श समितिको निर्णयानुसार प्रशोधन उद्योगहरुले पेश गरेको विवरणका आधारमा कर र जरिवाना लगाउने निर्णयानुसार विभिन्न ३ वटा प्रशोधन उद्योगहरुले एकमुष्ट कर तथा जरिवाना रकम रु.६५७६८।०० तिरेको विवरण पेश गरेको छ । नियममा भएको व्यवस्थाबमोजिम मासिकरुपमा कर असुली गर्नुपर्नमा के कति कारणले ढिला भएको सो विषयमा प्रष्ट हुन सकिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको अनुसरण गरे नगरेको सम्वन्धमा अनुगमन निरीक्षण गर्नुपर्नेमा सो गरेको देखिएन । अतः नियममा भएको व्यवस्थाबमोजिम अनुगमन गरी मासिकरुपमा कर सङ्कलन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी देखिन्छ ।

४६ फोहोरमैला कवाड बिक्री

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने उल्लेख छ । फोहरमैला कवाड बिक्रि, कमलामाई न. पा.-५, क्वान्द्रे खोल्सी डम्पिङ्ग साइट र कमलामाई न. पा.-९ भिमानको डम्पिङ्ग साइट ठेक्का नं १।०८०।०८१ को ठेक्का रेमण्ड कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. ले रु.१३५५०००।

०० मा कबोल गरेकोमा पहिलो किस्ताबापत रु.३३८७५०।०० र भ्याट वापत रु.४४०३७।०० आफैले बुझाउनु पर्नेमा भ्याट सहित रु.३८३०००।०० पालिकामा बुझाएकोमा भ्याट बापतको रकम पालिकाले बुझाउन बाँकी रहेको देखिएकोले उक्त मू. अ. कर दाखिला गर्नुपर्ने रकम रु.....

असुल गर्नुपर्ने	४४,०३७

४७ **पसल कवल बहाल**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा बहाल बिटौरी कर उठाउन सक्ने व्यवस्था छ । पालिकाले आफ्नो अधिकार क्षेत्रभित्र रहेका विभिन्न सदर, पसल कवल बहालमा दिने प्रयोजनका लागि निम्न स्थानमा पसल कवल भाडामा दिएको देखिएका व्यहोरा निम्न छन्:

४७.१ वडा नं. ६ खम्बेचौरमा निर्मित भवनको पसल कवल भाडामा लगाएकोमा निम्नानुसारका व्यक्तिहरुले सम्झौता बमोजिमको रकम बुझाउन बाँकी देखिएकोले सम्बन्धितबाट नियमानुसार असुल गर्नुपर्ने रु....

नाम	**सटर नं**	**लेखापरीक्षण अवधिसम्म बाँकि देखिएको रकम रु**	**कैफियत**
सरोज वुढाथोकि	३	मासिक रु.१८५१५.00 का दरले ७ महिनाको रु.१२९६०५।००	सम्झौता अनुसार व्याज समेत यकिन गरी असुल गर्नुपर्ने
तस्विरे रम्तेल	५	मासिक रु.१६३३५।०० का दरले ४ महिनाको रु.६५३४०।००	सम्झौता अनुसार व्याज समेत यकिन गरी असुल गर्नुपर्ने
कपिल कुमार श्रेष्ठ	६	मासिक रु.१६६९५।०० का दरले ५ महिनाको रु.८२९२५।००	सम्झौता अनुसार व्याज समेत यकिन गरी असुल गर्नुपर्ने
सुजन कार्की	१४	मासिक रु.१५१००।०० का दरले २ महिनाको रु.३०२००।००	सम्झौता अनुसार व्याज समेत यकिन गरी असुल गर्नुपर्ने
अनितामाया स्याङ्तान	१६	मासिक रु.१५१००।०० का दरले ११ महिनाको रु.१६६१००।००	सम्झौता अनुसार व्याज समेत यकिन गरी असुल गर्नुपर्ने
जम्मा		**रु.४७४१७०।००**	

असुल गर्नुपर्ने	४,७४,१७०

४७.२ कमलामाई न.पा वडा ६ अन्तर्गत स्टल बजारको सटर कवल भाडा लगाएकोमा निम्नानुसारका व्यक्ति तथा संस्थाहरुले सम्झौता बमोजिमको रकम वुझाउन बाँकी देखिएकोले व्याजका सम्बन्धमा पालिकाबाटै यकिन गरी असुल गर्नुपर्ने रु.....

नाम	सटर नं	रकम	कैफियत
अम्विका देवी ढकाल		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	२०४५ साल देखिका सम्झौता भएको र सम्झौतामा व्याज उल्लेख नभएको
दुर्गा वहादुर कार्कि		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
कृष्ण प्रसाद ढकाल		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
राज कुमार श्रेष्ठ		मासिक रु.२६६५।०० का दरले ५ महिनाको रु.१३३२५।००	
नेपाल स्काउट		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
नेपाल वाल संगठन		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
सिद्धेश्वर सहकारी संस्था		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
कर्मचारी मिलन केन्द्र		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
जिल्ला समन्वय समिति		मासिक रु.५३३०।०० का दरले १२ महिनाको रु.६३९६०।००	
कालिमाई पुजा समिति		मासिक रु.२६६५।०० का दरले १२ महिनाको रु.३१९८०।००	
गौमती मा वि		मासिक रु.१३३३।०० का दरले १२ महिनाको रु.१५९९६।००	
जम्मा		**रु.३४९१२१।००**	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **४७,९७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	३,४९,१२१

४८ पालिका श्रोत शिक्षक कर्मचारी :-

४८.१ राजश्व बाँडफाँट स्रोतबाट विद्यालयका कर्मचारी तथा बालविकास सहजकर्ताको पारिश्रमिक रु.२४४२२१९४।०० खर्च लेखेको छ । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी मिलान गर्न नेपाल सरकारसँग अनुरोध गरी दरबन्दी कायम गर्नुपर्ने , दरबन्दी मिलानपश्चात शिक्षक सेवा आयोगबाट स्थायीरुपमा पदपूर्ति प्रयोजन सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडि बढाउने तथा आयोगबाट पदपूर्ति नहुने अन्य पद आन्तरिक आयको दिगो स्रोत व्यवस्थापन गर्नु पर्दछ ।

सि. नं.	प्रकार	विद्यालय संख्या	वार्षिक तलब
१	विद्यालय लेखा कर्मचारी	२६	८६०००।००
२	नगरपालिका बालविकास सहजकर्ता	७१	३५९७९५०।००
३	विद्यालय कर्मचारी	८६	६२८५३६६।००
४	सट्टा शिक्षक[लियन]	३	१७३३८७६।००
५	नगर शिक्षण अनुदान शिक्षक (मा. वि.९-१०)	९	३६६८०००।००
६	नगर शिक्षण अनुदान शिक्षक (आ. वि. ६-८)	१३	४६९३०००।००
७	विद्यालय सहजकर्ता (फोकल पर्सन)	३	२१६०००।००
८	नगरपालिका बालविकास सहजकर्ता	१५	३३६८०००।००
जम्मा			**२४४२२१९४।००**

४८.२ प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्वन्धी निर्देशिका, २०६१ को दफा नं. ८ (१) मा प्रति बालविकास केन्द्रमा सामान्यतया २५ जना सम्म बालविकास राख्न सकिने उल्लेख छ ।विद्यार्थी सङ्ख्या घट्न गई विद्यालय समायोजन भई सकेपछि समायोजन भई आएका विद्यालयमा बालविकास सहजकर्ताको संख्या बढ्न गएको देखियो । सङ्घीय बालविकास सहजकर्तालाई बालकक्षामा बालबालिका सङ्ख्या बढी भएको सङ्घीय ससर्तबाट अनुदान अवसर नपाएका विद्यालयहरुमा व्यवस्थापन गर्दै जानुपर्ने पर्दछ ।

सिनं	प्रकार	विद्यालय	कार्यरत सङ्ख्या	थप सङ्ख्या	वार्षिक तलब भत्ता
१	बालविकास सहजकर्ता	कालिका मा. वि. जरायोटार	२	१	२३१०००।००
२	बालविकास सहजकर्ता	कालिका मा. वि. पल्लोरामपुर	२	१	२३१०००।००
३	बालविकास सहजकर्ता	कुण्डेश्वर मा. वि.	२	१	२३१०००।००
४	बालविकास सहजकर्ता	गौमति मा. वि.	३	२	२३१०००।००
५	बालविकास सहजकर्ता	चण्डेश्वरी मा. वि.	२	१	२३१०००।००
६	बालविकास सहजकर्ता	जनजागृती मा. वि.	२	१	२३१०००।००
७	बालविकास सहजकर्ता	जन ज्योति मा. वि. फोस्रेटार	३	२	२३१०००।००
८	बालविकास सहजकर्ता	श्री मा. वि. पिपलभञ्ज्याङ	२	१	२३१०००।००
९	बालविकास सहजकर्ता	सिद्धबाबा मा. वि. पानीट्याङकी	२	१	२३१०००।००
१०	बालविकास सहजकर्ता	कमला मा. वि. तीनतले	२	१	२३१०००।००
जम्मा			**२२**	**१२**	**२७७२०००।००**

४८.३ निम्नानुसारका विद्यालयमा समायोजनपश्चात अतिरिक्त शिक्षक कार्यरत देखिएकोले पुनः सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी मिलान गर्न नेपाल सरकारसँग अनुरोध गरी दरबन्दी कायम गर्नुपर्ने । विषयगत शिक्षक भएको विद्यालयमा अतिरिक्त रहेको नगरपालिका स्रोत विषय शिक्षकलाई प्राथमिकताको आधारमा शून्य दरबन्दी भएको विद्यालयमा व्यवस्थापन गर्नुपर्ने, दरबन्दी मिलानपश्चात शिक्षक

सेवा आयोगबाट स्थायीरुपमा पदपूर्ति प्रयोजन सिफारिस हुने पदहरु माग गरी पदपूर्ति प्रकृया अगाडि बढाउने तथा आयोगबाट पदपूर्ति नहुने अन्य पद आन्तरिक आयको दिगो स्रोत व्यवस्थापन गर्नुपर्दछ ।

सिनं	प्रकार	विद्यालय	थप संख्या	वार्षिक तलव भत्ता
१	मा वि शिक्षक	कमला जन ज्योती मा वि	१	४५८५००
२	मा वि शिक्षक	गौमति मा वि	१	४५८५००
३	नि मा वि शिक्षक	सिद्धबाबा मा वि पानीट्याङकी	१	३६१०००
जम्मा			**३**	**१२७८०००**

४९ भत्ता वितरण :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने आधार प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगेपछि मात्र भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसार नियमित प्रशासकीय कार्य तथा अनिवार्य जिम्मेवारी एवम् दायित्वको विषयमा पर्ने कार्यपालिका रहेको वडासँग जोडिएका वडा अनुगमन भत्ता वितरण, अप्राविधिक कर्मचारीलाई प्राविधिक कार्यमा समावेश गराई भत्ता वितरण, विद्युतीय हाजिर संलग्न नगरी बजेट सुत्र प्रविष्ठीबापत अतिरिक्त समय खाना खाजा समेत भत्ता वितरण गरेको नियमसम्मत देखिएन।

गो. भौ. नं.	मिति	विषय /विवरण/विषय	संलगन कर्मचारी / भत्ता पाउने	परिमाण	सङ्ख्या	दर	रकम	कैफियत
१४६	२०८०।६।१२	घर वहाल अनुगमनको बैठक	५	२	१०	१०००	१००००।००	कार्यपालिका रहेको वडासँग जोडिएका वडा अनुगमन
१२९८	२०८०।१२।२७	नक्सा नियमित निवेदको घर अनुगमन	१२	४	४०	१०००	४००००।००	अप्राविधिक कर्मचारिले समेत भत्ता लिएको
७	२०८०।५।५	बजेट सुत्र प्रविष्ठी अतिरिक्त समय भत्ता	५	१२ दिन	६७	विभिन्न	८०५००।००	विद्युतीय हाजिर संलग्न नगरेको

५० अनुगमन भ्रमण खर्च :-

बागमती प्रदेशका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमवाली, २०६४ अनुसार पालिकाभित्र भ्रमणमा जाँदा दैनिक तथा भ्रमण खर्च दिने व्यवस्था छैन । सवारी साधन चल्ने सोही दिन फर्किन सकिने स्थानमा भ्रमण गर्दा २५ प्रतिशत खाजा भत्ताको व्यवस्था छ ।नमुनाको रुपमा परीक्षण गर्दा कर्मचारीहरु पालिकादेखि निकटका वडा कार्यालयमा विभिन्न काममा गएकोमा समेत भ्रमण आदेश र भ्रमण बिल संलग्न गरी भुक्तानी गरेको पाइयो ।पालिकाले आवश्यक निर्णय गरी निश्चित दुरी सम्म भत्ता नदिने सोही दिन फर्किन सकिनेमा २५ प्रतिशत खाजा भत्ता मात्र दिने तथा सवारी साधन नचल्ने सोही दिन फर्किन सम्भव नहुनेमा मात्र दैनिक तथा भ्रमण भत्ता दिने नीति गत निर्णय गरी स्थानको वर्गीकरण गर्नुपर्दछ । नमुना छनोट गरी परीक्षण गर्दा नियममा व्यवस्था नभएको यस्तो भुक्तानी लिने ३५ जना कर्मचारीहरु बाट रु.१८५१००।०० लेखापरीक्षणको क्रममा स्थानीय सञ्चितकोष दाखिला भएको छ । यस्ता सबै भ्रमण आदेशहरुको सबै भुक्तानी रकमहरु समेत एकिन गरी असुल हुनुपर्दछ ।

५१ तलबी प्रतिवेदन :-

तलवी प्रतिवेदन :-निजामति सेवा ऐन २०४९को दफा ७ख २मा संघिय निजामति सेवा तर्फका जिल्ला स्थित कार्यालयमा कार्यरत कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले प्रमुख

प्रशासकिय अधिकृत सूर्य प्रसाद दाहाललाई कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुलीबाट तलवी प्रतिवेदन पारित नगराई रु ८५३५९० खर्च लेखेको पाईयो।तलवी प्रतिवेदन पारित नगराई खर्च लेख्दा तलव, भत्ता र कर्मचारी सञ्चयकोषमा घटी वढी रकम भुक्तानी हुन सक्ने जोखिम रहेकोले तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेखाङ्कन गर्नु पर्दछ ।

५२ **पी. एस. आइटम** (८१-२०८१-३-२४):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका सर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ । प्रोभिजनल समको रकम वास्तविक कार्यसम्पादनको आधारमा बिल बीजक पेश गरेपछि दिनुपर्ने हुन्छ। यस पालिकाले Consolidated Engineering Build Pvt. Ltd. लाई भुक्तानी दिन कमलामाई मा. वि. को पूर्वाधार तथा शैक्षिक सुधार सम्बन्धमा देहायको पी. एस. आइटमको खर्च लेख्दा उचित कारण, औचित्य पुष्टयाँइ र प्रतिष्पर्धाविना भुक्तानी गरेको देखिन्छ। तसर्थः खर्च गरिएको पी. एस. आइटमको रकम नियमसम्मत नभएको रु.

SN	Description of Works	Unit	As per Estimate			As per Contract			As per Work Done		
			Quantity	Rate	Amount	Quantity	Rate	Amount	Quantity	Rate	Amount
Provisional Sum											
1	Reconstruction and maintenance of damaged structures with necessary field preparation as instructed by the engineer.	PS	1	287815।74	287815।74	1	287815।74	287815।74	1	257,386।04	257386।04

अनियमित भएको	२,५७,३८६

५३ **सिटी हल निर्माण**

नगरपालिकाको बहुवर्षीय योजनाअन्तर्गत सिटी हल भवन निर्माण कार्यको लागि लागत अनुमान रु.१६५५५५७६०।२२ (भ्याटबाहेक) मा स्वीकृत भएकोमा कबोलदाता महादेव खिम्ति /अञ्जना/सारस जे. भी. को कबोल अङ्क रु.९७५२९३६७।३० मा उक्त काम मिति २०८० असार १५ सम्म सम्पन्न गर्नेगरी पालिकासँग मिति २०७८।३।२४ मा सम्झौता भएको देखिन्छ । नगर विकास कोष बानेश्वरको ७० प्रतिशत र नगरपालिकाको ३० प्रतिशत साझेदारीमा निर्माणाधीन रहेको भवनको डी.पी. आर. बमोजिमको ल. ई. रु.१७२८८१२३६ रहेको छ । भवनको डिजाइन मोजिम निर्माण कार्यको अण्डरग्राउण्ड समेत ५ तलाको २६००० Sq. ft. को काम रहेको छ । उक्त बहुवर्षीय योजनाको यस आ. व. मा नवौं रनिङ्ग बिलसम्म नगर विकास कोषबाट रु.६२९१८२६२।००, नगरपालिकाबाट रु.२६९६४९६९।००, गरी जम्मा रु.८९८८३२३२।०० भुक्तानी भएको देखिन्छ; जसमध्ये मोविलाइजेसन पेश्कीबापत रु.१७४८०९३४।00 र मूल्य समायोजनबापत रु.८७९६६६९।०० रकम भुक्तानी भएको देखिन्छ। आर्थिक वर्ष २०८०।०८१ को अन्तिमसम्म भुक्तानी भएको नवौं रनिङ्ग बिसम्म सम्झौता बमोजिमको निर्माण अवधिको ८९ प्रतिशत (२४ महिना) समय व्यतित भइसकेको अवस्थामा वित्तीय प्रगति ६८.९९ प्रतिशत र भौतिक प्रगति ७५ प्रतिशत मात्र देखिन्छ । सिटी हल भवन निर्माण सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छनः

५३.१ **म्याद थप सम्बन्धमा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौता अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकारप्राप्त अधिकारीले तोकिएको आधारमा खरिद सम्झौताको म्याद थप गर्न सक्ने व्यवस्था छ ।

पहिलो म्याद थप

महादेव खिम्ती।अन्जना।सारस जे.भी. ले मिति २०८०।०२।२३ मा निर्माण कार्य ढिलो हुनुको कारण भनी दिएको निवेदन र यस कार्यको लागि खटाइएको परामर्शदाता Peak Point Engineering Consultancy (P) Ltd ले मिति २०८०।०३।०४ मा दर्ता गराएको निवेदनानुसार १ वर्ष म्याद थप्न अनुरोध गरेकोमा मिति २०८०।०३।१७ गते नगर कार्यपालिकाले १० महिनाको लागि म्याद थप गरी मिति २०८१।०१।१७ सम्मको लागि म्याद थप गरिएको छ।

दोस्रो म्याद थप

महादेव खिम्ती।अन्जना।सारस जे.भी. ले मिति २०८०।१२।१८ मा कार्यालयमा दर्ता गरेको कार्य प्रतिवद्धता तथा मन्जुरी सम्बन्धी पत्रानुसार विभिन्न काबुबाहिरको परिस्थिति कारण निर्माण कार्य सम्झौतामा उल्लेख भएको समयावधिमा सम्पन्न गरी हस्तान्तरण समेत गर्नका लागि व्यवहारिक र प्राविधिक रुपमा नै सम्भावना नरहेको व्यहोराका साथै यस आयोजना सम्पन्न गर्नका लागि प्राविधिक रुपमा नै समयावधि थप भएमा सम्झौता अनुसारको सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी थप भएको समयावधि भित्रमा नै आयोजना हस्तान्तरण गर्न यस जे भी पूर्ण प्रतिवद्ध रहेको र म्याद थप गर्दा कुनै पनि किसिमको आर्थिक भार थप हुने गरी यस जे.भी. ले दाबी नगर्ने तथा यसरी म्याद थप भएमा यस जे. भी. को मञ्जुरी रहने व्यहोरा उल्लेख छ।

यस नगर कार्यपालिकाको मिति २०८१।०१।३१ को १५७ औं बैठकबाट सिटी हल निर्माणको ठेक्का प्राप्त महादेव खिम्ती।अन्जना। सारस जे. भी. ले म्याद थपसम्बन्धमा जारी गरेको प्रतिबद्धता र मन्जुरीअनुसार मिति २०८१।०६।१५ सम्म म्याद थपेको देखिन्छ तर लेखापरीक्षणको अवधिसम्म पनि सिटी हल निर्माण पुरा नभएको तथा हस्तान्तरण नभएको देखिन्छ। जसले पालिकाको यस योजनाबाट हुन सक्ने लाभहरु जस्तै भवनको वेसमेन्टमा स-शुल्क पार्किङ्ग, एवम् भूईं, पहिलो र दोस्रो तलामा पसल कबल निर्माण तथा माथिल्लो तलामा अत्याधुनीक सभाहल निर्माण गरी पालिकाको दीर्घकालीन आय सबल बनाउने प्रस्ताव रहेकोमा पालिकालाई समयमा सिटी हल निर्माण भई हस्तान्तरण नहुँदा आन्तरिक आयको बाटो नखुलेको देखिन्छ, जसबाट पालिकालाई आफ्नो आन्तरिक आय बढाउन नसक्दा प्रत्यक्ष अप्रत्यक्षरुपमा क्षति पुगेको देखिन्छ भने नगरविकास कोषलाई तिर्नुपर्ने सम्झौता अनुसार वार्षिक ८ प्रतिशतको ब्याजको भार पानि बढेको देखिन्छ । यस आर्थिक वर्षमा २०८१ असार महिनामा नगर विकास कोषले मिति २०८१।०२।२२ मा पठाएको पत्रानुसार तिर्नबाँकी ऋण रु.४८२५९९८५।७७ को साँवाबापत रु.८७४३४९। र व्याजबापत रु.१९१६५३०।४६ गरी यस पालिकाले जम्मा रु.२७९०८७९।७६ ऋण लगानी फिर्ता गरेको देखिन्छ ।यसरी सम्झौता अनुसार र प्रतिवद्धताअनुसार समयमै सिटी हल निर्माण नहुँदा नगरपालिकाको आन्तरिक आयमा प्रभाव परेको देखिन्छ ।तसर्थ: पालिकाले जतिसक्दो चाँडो सम्झौताबमोजिमको निर्माण कार्य समयमा नै सम्पन्न गर्न सम्झौता र खरिद ऐन अनुसार आवश्यक कारबाही गरी समयमै कार्य सम्पन्न गर्ने गराउने तथा फरफारक गर्नुपर्दछ ।

५३.२ भेरियसनसम्बन्धमा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सम्झौता कार्यान्वयनको क्रममा पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयन क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको अधिकारीले कार्यविधि अपनाई भेरियसन जारी गर्न सक्ने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को उपनियम ५ बमोजिम भेरियसन जारी गर्दा विशेषज्ञ समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्ने व्यवस्था छ ।

यस सिटी हल निर्माणसम्बन्धमा ठेक्का पाएको महादेव खिम्ती।अन्जना।सारस जे. भी. ले मिति २०८०।०९।२२ मा भेरियसन गरीपाऊँ भन्ने दर्ता गरेको पत्रानुसार तथा यस कार्यको लागि खटाइएको परामर्शदाता Peak Point Engineering Consultancy (P) Ltd ले मिति २०८०।१०।२६ मा भेरियसनका लागि दर्ता गराएको निवेदनानुसार मिति २०८० माघ २९ गते बसेको १५३ औं नगर कार्यपालिकाको बैठकले रु.४४८२१४४।०० (भ्याटबाहेक) सुरु सम्झौता रकमको को ४.५९ प्रतिशत बढ्ने गरी भेरियसन स्वीकृत गरेको देखिन्छ ।

यसरी परामर्शदाताको सिफारिसलाई मात्र आधार मानी भेरियसन गरिएको तर विशेषज्ञ समूहमार्फत आवश्यक जाँचबुझ गराइ प्राप्त सिफारिसको आधारमा भेरियसन नगरिएको हुँदा आगामी वर्षहरुमा यस्ता प्रकृतिका कार्यहरु गराउँदा विशेषज्ञ समूहको सिफारिसबाट जाँचबुझ गराई मात्र भेरियसन गर्नुपर्ने देखिन्छ ।

५३.३ **Program Update सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ।

यस पालिका र महादेव खिम्ती।अन्जना।सारस जे.भी.बीच भएको सम्झौतामा Program Update सम्बन्धमा देहायको कुरा उल्लेख छ । "GCC 34.3 The Period Between Program updates is 45 days. The amount to be withheld for late submission of an updated Program is 40000 NPR. अर्थात प्रोग्राम अपडेटको अवधि ४५ दिनको हुनेछ र प्रोग्राम अपडेट ढिलो पेश भएमा ढिलो पेश गरेबापत रु.४००००। का दरले रकम रोक्का राखी भुक्तानी गर्नुपर्ने देखिन्छ। यस योजनाको Date Of Measurement IPC No Program update को ग्याप अवधि देहायअनुसार रहेको देखिन्छ ।

Date Of Measurement	IPC No	Program update को ग्याप अवधि	Program Update बापत रकम
२०८०।०३।१५	6th IPC		
२०८०।०६।०९	7th IPC	८३ दिन	४००००+३८४४२=७८२२२
२०८०।०९।१५	8th IPC	९६ दिन	४००००*२+५३३३=८५३३३
२०८१।०३।०६	9th IPc	१७१ दिन	४००००*३+३२०००=१५२०००
जम्मा			**३१५५५५।००**

जम्मा ३५० दिन

माथिको तालिकाबाट रनिङ्ग बिललाई कार्यप्रगति मानेर अवधि गणना गर्दा यस जे. भी. ले समग्रमा रनिङ्गबिलहरु 6th IPC देखि 9th IPC सम्म पेश गरेको समयको ग्याप समग्र सम्मको अवधि गणना गर्दा ३५० दिन ढिलो कार्यप्रगति पेश गरेको देखिन्छ । यसरी प्रत्येक ४५ दिनमा अपडेट गर्नुपर्ने Program Update नगरेको तथा प्रत्येक Program Update गर्न ढिलो गरेबापत रोक्का राख्नुपर्ने रकम रु.४००००।०० का दरले ३५० दिनको रु.३१५५५५।०० रकम रोक्का नराखी भुक्तानी गरेको देखिन्छ। यसरी रोक्का राख्नु पर्ने रकम रोक्का नराखी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,१५,५५५

५४ **परामर्स तथा डी. पी. आर. खर्च**

सार्वजनिक खरिद नियमावलीको नियम, ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद कार्यको क्षेत्रगत सर्त तयार गर्नुपर्ने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी. पी. आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई खर्च गरेको उपयुक्त देखिएन । डी. पी. आर. तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

कार्य विवरण	परामर्शदाता संस्थाको नाम ठेगाना	स्वीकृत रकम मू.अ.कर बाहेक रु. हजारमा	खर्च रकम मू.अ.कर बाहेक रु.हजारमा	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु. हजारमा
धाराभञ्ज्याङ्-सातपत्रे वृहत खानेपानी योजना, कमलामाई न.पा.-४, सिन्धुली	Engineers Revisited Consult Pvt. Ltd., New Baneshwor, Kathmandu	७७५	७७५	४१५७१
नगरपालिका केन्द्र प्रशासनीक भवन निर्माण कार्य	Dynamic Resources Management Services Pvt. Ltd., Buddhanagar, Kathmand	१७२५	१७२५	३७७३३५
वडा कार्यालय भवन निर्माण, कमलामाई न.पा.-१२, सुनडाँडा	Kalapani Engineering Solutions Pvt. Ltd., Kathmandu	४१०	४१०	४३४५५

५५ मूल्य अभिवृद्धि कर समायोजन

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार सरकारी निकायले खरिद तथा निर्माण गर्दा सम्वन्धित पाटीको मू. अ. कर रकमको ३० प्रतिशत सम्बन्धीत राजश्व शीर्षकमा दाखिला गरी बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएकोले सम्वन्धित फर्मले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु..

गो. भौ. नं./मिति	भुक्तानी पाउनेको नाम	मू. अ. कर वाहेक रकम	मू. अ. कर रकम	३० प्रतिशत रकम
९८७।०८१।०३।१८	रंजितकार इन्टरप्राइजेज	५०५६६३।००	६५७३६।००	१९७२०।००
१०४२।०८१।३।२४	श्रेष्ठ ट्रेडस	५०१३१४।००	४२६००।००	१२७८०।००
जम्मा				**३२५००।००**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३०,११३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३२,५००

५६ हेभि मेसिनको प्रयोग

सार्वजनिक खरिद नियमावलीऽ २०६४ को नियम ९७ (९) मा उपभोक्ता समिति वा लाभग्राहीबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने व्यवस्था छ । पालिकाले धेरैजसो सडक निर्माण कार्यहरु एक्साभेटर र डोजर जस्ता हेभी मेसिनहरुको माध्यमबाट गराएको पाइयो । अतः हेभी मेशिनको प्रयोग भएकोमा नियममा भएको व्यवस्था वमोजिम प्राविधिक पुष्ट्याई सहित कार्यालयवाट अनुमति लिएर मात्र कार्य गर्नु गराउनुपर्दछ । उपभोक्ताबाट सञ्चालित योजनामा हेभि मेसिन प्रयोग भएका केहि उदाहरण निम्न छन्

गो. भौ. नं.	मिति	योजना र उपभोक्ता समिति	मूल्याङ्कन रकम / भुक्तानी रकम	उपकरण भाडामा दिने	उपकरणको किसिम	भारी उपकरण प्रयोग को रकम
४८१	२०८०।१२।१५	चदाहा टप्पु क्षेत्र पर्यटकिय पूर्वाधार निर्माण उपभोक्ता समिति	३१५११२८।००	यान्सा कन्सट्रक्सन एण्ड सप्लायर	एक्साभेटर	५२७१७१।००
५८४	२०८१।१।२५	माथिल्लो वोहरे सिन्धुली गढी अधुरो बाटो निर्माण निर्माण उपभोक्ता समिति	७५१३१८।००	योमन निर्माण सेवा	एक्साभेटर	५२३८६८।००
५६९	२०८१।१।२३	सिद्धडाँडा धापसर सडक निर्माण निर्माण उपभोक्ता समिति	६२७०९२।७७	सि एस कन्सट्रक्सन	एक्साभेटर ब्रेबर	४८८६१२।००
४८	०८०।७।२१	सिम्वारी सडक निर्माण उपभोक्ता समिति	५००००००।००	एल वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लिक	स्काभेटर प्रयोग	५६०८४१।००
१३०	०८०।०९।२०	खट्टार मैवले बेसी सडक निर्माण उ स	५००००००।००	सिन्धुली विल्डर्स	एक्साभेटर तथा ब्रेकरको प्रयोग	६२३७५९ ।००
६३	०८०।८।१५	वोहोरे चम्पागाउँ सडक निर्माण	८९२२४६।००	दुवे धनमाना निर्माण सेवा प्रा लि	स्काभेटर व्रेकर प्रयोग	११०३३३२।००
१३१	०८०।९।२२	तिनटले लाटेथुम्का हरिथुम्का सडक निर्माण उ स	३५०००००।००	घाँगर ठाकुर कन्स्ट्रक्सन प्रा लि	स्काभेटर प्रयोगको विल	४३५५०२।००
७९	०८०।८।१९	क न पा ८ कोविभिन्न सडक सरसफाई उ स	४४४५०४।००	सिद्धकाली निर्माण से वा प्रा लिको	ब्याकलोडर प्रयोग	४१६८५७।००
२५४	०८०।१०।१८	ग्वाङ्से सुनडाँडा हुदै जनकलाल डाँडा ठाडे सडक नि उ स	५००००००।००	दाहाल निर्माण सेवा र सिन्धुलि विल्डर्स प्रा लि	स्काभेटर	६१८२००।००
९	२०८०।९।२३ प्रदेश ससर्त	वेलकोट देखि सातदोवाटो	९४८०७२।००	नेवार निर्माण सेवा	स्काभेटर	९२५७०७।००

५७ उपभोक्ता समितिवाट खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ तथा नियमावलीको नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई रोजगारी श्रृजना गर्ने जस्ता निर्माण कार्य वा सोसँग सम्बन्धी सेवा उपभोक्ता समितिमार्फत गराउन सक्ने व्यवस्था रहेको छ ।

सामाग्री खरिदका लागि मात्र उपभोक्ता समिति गठन गरी कार्य गर्ने व्यवस्था नदेखिएकोले सामग्री खरिद कार्यमा उपभोक्ता समितिको लाभग्राही हिस्सा संलग्न नहुने अवस्थामा समेत उपभोक्ता समितिवाट सामाग्रि खरीद गर्ने कार्य नियमसम्मत देखिएन।उपभोक्ता समितिबाट भएका केहि खरिद निम्न छन्

गौ भौ नं र मिति	उपभोक्ता समितिको नाम	खरिद सामाग्रि	रकम
२०९।०८०।१०।१०	पाथीपरान माझझोरा माझीटोल मिठुटार इनार निर्माण तथा पाइप विस्तार उ स	पाइप र वाटर पम्प खरिद	४१७७७८।००
२३३।०८०।१०।१२	रातुभिर तिनतले तिनदोभान इनार निर्माण	मोटर पम्प एचडिपि पाइप लगायत खरिद	४९५१८०।००
२४६।०८०।१०।१८	पाथिपरान ठुलोसुखुवा माझटोल इनार निर्माण तथा पाइप विस्तार उ स	मोटर पम्प एचडिपि पाइप लगायत खरिद	३६९७९९।००

५८ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ । यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ७९० योजना मध्ये ठेक्का मार्फत २४ वटा योजनामा रु. ७३४५९११०।०० खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ७६६ योजनामा रु.१८०२७८१४०।०० खर्च गरेको छ । अर्थात निर्माण कार्यमा भएको कुल रु.२५३७३७२५०।०० खर्च मध्ये २८.९५ प्रतिशत ठेक्का प्रक्रिया र ७१.०५ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

निर्माण भएको कुल खर्च	उपभोक्ता समितिबाट		निर्माण व्यवसायीबाट	
	संख्या	रकम	संख्या	रकम
२५३७३७२५०।००	७६६	१८०२७८१४०।००	२४	७३४५९११०।००

५९ प्राविधिक कार्यसम्पन्न बिल

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन (जस्तै गौ.भौ.नं २०।०८०।।६।३० संगम मार्ग अधुरो वाटो निर्माण) । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६० निर्माण व्यवसायीको बिल

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने व्यवस्था छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले सम्झौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन

र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । कार्यालयले विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समितिले संझौता अनुसारको काम आफैले नगरी सब-कन्ट्रयाक्टरबाट काम गराई निर्माण व्यवसायीले पेश गरेको कर बीजकको आधारमा मू. अ. कर समेत भुक्तानी गर्दा समिति वा समुदाय आफैले सम्झौता अनुसारको काम सम्पन्न गर्न नसकेको अवस्थामा नियमको उक्त व्यवस्था अनुसार कार्यालयले स्वयम् ठेक्कामार्फत काम गराउँदा प्रतिस्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब-कन्ट्रयाक्टर/ निर्माण व्यवसायीले पेश गरेको बिलको रकम भुक्तानी दिंदा मितव्ययिता कायम भएको देखिएन । त्यस्तै हेभी मेसिनको प्रयोग भएकोमा नियममा भएको व्यवस्था बमोजिम प्राविधिक पुष्ट्याईं सहित कार्यालयवाट अनुमति लिएर मात्र कार्य गर्नु गराउनुपर्दछ । उपभोक्ता समितिले गरेका कामको भुक्तानीमा उल्लेख्य प्रतिशतमा निर्माण व्यवसायीको बिल समावेश भएको केहि उदाहरण निम्न बमोजिम छन्:

गो. भौ. नं.	मिति	उपभोक्ता समितिको नाम	विल पेश गरेको निर्माण व्यवसायीको नाम	उपभोक्ता समितिलाई भुक्तानी रकम	कन्स्ट्रक्सनको विल रकम
६४	२०८०।८।१७	विभिन्न सडक सरसफाई उ. स.	गढी निर्माण सेवा	५००००००।००	६२५७७५।००
५१	२०८०।७।२२	विभिन्न सडक सरसफाई कार्यक्रम	दाहाल निर्माण सेवा	५००००००।००	९३९१५४।००
१२४	२०८०।०९।२०	आपटार पहेली भित्ति फोक्सिङ सडक मर्मत उ. स.	बुर्जा टायल ब्लक तथा वालुवा प्रशोधन उद्योग	३००००००।००	३७७६२३।००
४१	२०८०।७।२१	विभिन्न सडक सरसफाई मर्मत उ.स.	योमन निर्माण र जनसेवा कन्स्ट्रक्सन	५५००००००।००	६९१४९२।००
२१	२०८०।११।२७	विपि नगर सडक स्तरोन्नती	रेजिना कन्स्ट्रक्सन प्रा लि	३०००००००।००	२०८६५९५।००

६१ मूल्य अभिवृद्धि करकट्टी

मूल्य अभिवृद्धि कर नियमावली २०५३(सोह्रौं संसोधनन) को नियम ६ (ग) को नियममा सरकारी निकायले खरिद तथा निर्माण गर्दा सम्वन्धित पाटीको मू. अ. कर रकमको ३० प्रतिशत सम्बन्धित राजश्व शीर्षकमा दाखिला गरी बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । यस पालिकाले विभिन्न सामानहरु विभिन्न समयमा देहायअनुसारको फर्म।सप्लायर्सबाट खरिद गरेको देखिन्छ । पालिकालले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी नगरी फर्म।सप्लायर्सलाई नै भुक्तानी दिएकोले सम्वन्धित फर्म।सप्लायर्सले कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो. भौ. नं.।मिति	फर्म वा सप्लायर्सको नाम	बीलको करयोग्य रकम	भ्याट रकम	जम्मा रकम	मू.अ.कर बापत ३०% कट्टी हुनुपर्ने रकम
१८६।२०८०।१२।३०	रितिका सप्लायर्स	१०४२००।००	१३५४६।००	११७७४६।००	४०३६।००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **८,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३४,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **४,९१४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	४,०३६

६२ **फरक शीर्षकबाट खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३८ (२) (क) अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षक अनुसार खर्च गनुपर्ने उल्लेख रहेको छ । त्यस्तै महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक सङ्केत वर्गीकरण र व्याख्या, २०७४ को ढाँचा अनुसार खर्च लेख्नुपर्दछ । यस पालिकाले देहायको खर्च लेख्दा रु.३७०५०।०० रकम सम्बन्धित शीर्षकबाट खर्च लेखेको देखिदैन। यसर्थ: सम्बन्धित शीर्षकबाट खर्च नलेखेको नियम संगत नदेखिएको रकम रु.

गो.भौ.नं.।मिति	**भुक्तानी विवरण**	**भुक्तानी रकम**	**खर्च लेखिएको शीर्षक**	**खर्च लेखिनुपर्ने शीर्षक**
३०१।२०८१।०३।०९	गाडी भाडाबापत	५५००।००	२२७११-विविध खर्च (आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्तासम्बन्धि विभिन्न बैठको चियापानलगायतको खर्च)	२८१४३-सवारी साधन तथा मेशिनरी औजार भाडा
२९६।२०८१।०३।०६	सञ्चार र ईन्धनबापत	७४५०।००	२२५२९-विविध खर्च (चिया पानी लगायत अन्य)	२२३१४-ईन्धन अन्य प्रयोजन २२११२-सञ्चार महशुल
३००।२०८१।०३।०९	अनुगमन मूल्याङ्कनबापत	२४१००।००	२२७११- विविध खर्च(आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्तासम्बन्धि विभिन्न बैठको चियापानलगायतको खर्च)	२२६११-अनुगमन मूल्याङ्कन खर्च
जम्मा रकम		३७०५०।००		

अनियमित भएको	३७,०५०

६३ **सफ्टवेयर खरिद तथा सञ्चालन :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपदफा (२) बमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष निम्न सफ्टवेयरहरु खरिद गरी प्रयोग गरेकोमा तोकिए वमोजिम स्वीकृति लिएको देखिएन । नेपाल सरकाको आधिकारीक निकायबाट स्वीकृति नलिई सफ्टवेयर खरिद गरेको नियम संगत देखिएन तसर्थ महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिएर मात्र सफ्टवेयर खरिद तथा संचालन गर्नु पर्दछ ।

गो. भौ. नं.	सफ्टवेयरको नाम	प्रयोजन	रकम
३६।०८०।५।११	शिक्षकहरुको तलबी पेरोल सम्बन्धी आइकन सफ्ट प्रा.लि. हेटौडा	तलब पेरोल तयारी	८७४५८०।००
८२९।०८०।१०।१९	कर्मचारीहरुको व्यक्तिगत विवरण सम्बन्धी फिनिक्स सोल्युसन्स प्रा.लि.	कर्मचारीहरुको व्यक्तिगत विवरण तयारी गर्ने	४८८७२५।००
९७७।०८०।११।१७	योजना व्यवस्थापन सम्बन्धी टेक्नोलोजी शोलुशन नेपाल प्रा.लि.	योजना सम्झौता सम्बन्धी विवरण तयार	९०४००।००
२१४६।०८१।३।२४	सांग्रिला इन्फरमेटिक्स प्रा लि	राजश्व सम्पत्ति बहाल कर सम्वन्धि सफ्टवेयर	२८९१६७।००

(३४-२०८०-७-२):

पालिका चालुतर्फबाट स्नोवल टेक्नोलोजी इनकर्पोरेसन प्रा. लि. लाई सफ्टवेयरहरु सञ्चालनको लागि सर्भर सामाग्री खरिद बापतको रु.३८८०२०।०० भुक्तानी भएकोमा उक्त सर्भर तापक्रम सन्तुलनमा राख्न नसकिएका कारण बिग्रन पुगी हाल सञ्चालनमा नरहेको बताइएको छ । यसरी सामाग्री खरिद गर्दा आवश्यकताको पहिचान तथा लाभ लागत विश्लेषण विना खरिद गर्दा सामाग्री प्रयोग विहिन भएको छ ।अतः कार्यालयले सामाग्री खरिद गर्दा आवश्यकता तथा औचित्यताको आधारमा गरी खरिद गरीएको सामाग्रीको सदुपयोगमा ध्यान दिनुपर्दछ ।

६४ कन्टिन्जेन्सी खर्च

निर्माणकार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ ।उक्त अनुसूचीमा निर्माण लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष कन्टीन्जेन्सीबापत रु.२७ लाख २ हजार खर्च गरेको छ । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवम् योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवम् योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्चको अभिलेख राख्ने, कामको आधारमा नापी किताबमा मूल्याङ्कन गरी भुक्तानी दिने, नगरी नहुने कार्यमा मात्र खर्च गराइ यस्ता खर्चलाई नियन्त्रण समेत गर्नुपर्दछ र कन्टीजेन्सी खर्च कार्यवधि बनाई स्वीकृत गराइ खर्च गर्नुपर्छ ।

क्र. सं.	कार्यक्रमको नाम	लागत अनुमान	कन्टेन्जेन्सी खर्च रु हजारमा		
			गत वर्षसम्मको	चालु वर्षको	बढी रकम
१	सुपरभाइजरहरुको २०८० माघ महिनाको पारिश्रमिक	विवरण प्राप्त नभएको	विवरण प्राप्त नभएको	८८९६०।००	विवरण प्राप्त नभएकाले यकिन गर्न नसकिएको
२	सुपरभाइजरहरुको २०८० फागुन र चैत्र महिनाको पारिश्रमिक			१९००७०।००	
३	सुपरभाइजरहरुको २०८१ बैशाख महिनाको पारिश्रमिक			७४७००।००	
४	आशयको सूचनाको रकम भुक्तानी			६७५८८।००	
५	आशयको सूचनाको रकम भुक्तानी			२७१०३२।००	
६	सेवा करारमा कर्मचारी नियुक्ति सम्बन्धी सूचना प्रकाशनको बील रकम भुक्तानी			६६१०५।००	
७	विभिन्न मितिमा स्वीकृत भ्रमण आदेश अनुसारको बील रकम भुक्तानी			१०५७००।००	
८	कार्यालय परिसरभित्र बाइक ग्यारेज निर्माण			६८४६९४	
९	सुपरभाइजरहरुको २०८१ असार महिनाको पारिश्रमिक			७४७००।००	
१०	मुख्य बजार क्षेत्रमा हाइ मास्ट खरिद तथा जडान			९९५५३०।००	
११	विभिन्न मितिमा योजना अनुगमनको क्रममा भएको विविध खर्चको बील रकम र गाडी भाडाको रकम			८३८९०।००	
जम्मा				२७०२९६९।००	

६५ खेलकुद कार्यक्रम :-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९ मा अर्थ मन्त्रालयको सहमतिमा आफूले सम्पादन गर्ने कामको प्रकृती अनुसार मापदण्ड बनाउन सक्ने व्यवस्था छ। साथै नियम ३९ को उपनियम ५ मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भर्पाई प्रमाण कागजात संलग्न गरी उपनियम १० बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणीत गर्ने बिल भर्पाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।खेलकुद प्रतियोगिता व्यवस्थित रुपमा सञ्चालन गर्न रित प्रकृयाको रुपमा खेल सञ्चालन खर्चका मापदण्ड तथा कार्यविधीको व्यवस्था र पालना हुनु पर्दछ ।मापदण्ड र कार्यविधिका पालना गरी लागत अनुमान तथा खेल प्रतियोगिताको प्रस्तावना बनाउनु तथा खेल सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्दछ ।कार्यालयले खेलकुद प्रतियोगिता सञ्चालन प्रकृया तथा खर्चका मापदण्डहरु तयार गरेको छैन । मापदण्ड तथा कार्यविधिका आधारमा प्रशिक्षकद्धारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयम्सेवक टिम, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्राविधिक प्रशिक्षक, राष्ट्रिय अन्तराष्ट्रिय निर्णायक (अम्पायर) राष्ट्रिय अन्तराष्ट्रिय रेफ्री स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन । प्रशिक्षक भत्ता, एम्पाएर रेफ्री तथा स्कोर गणकको पारिश्रमिक भत्ता,यातायात खर्च, खाना खाजा होटेलबास खर्च,खेलाडी खुराक पोषाक ,प्राथमिक उपचार , संलग्न टोलीको दैनिक भत्ता आदि बापत फरक फरक दरमा खर्च भएको पाइयो। खेलकुद प्रतियोगिता सञ्चालन प्रस्तावना, छनोट प्रतियोगिता

सञ्चालन, बन्द प्रशिक्षणमा खेलाडी, प्रशिक्षक लगायतका जनशक्तिलाई उपलब्ध गराउने सेवा सुविधा आधार, मापदण्ड ,कार्यविधि सुविधाबापत दिने खर्चका आधार तयार गर्नुपर्दछ ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी खेल सञ्चालन गरेका केही उदाहरण निम्नानुसार छन ।

क्र.सं.	मिति	गो. भौ. नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च रकम
१	२०८०/०७/२०	३९८	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ११	५५,०००।००
२	२०८०/०७/२१	४०६	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ६	१,००,०००।००
३	२०८०/०७/२२	४१६	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं १३	१,००,०००।००
४	२०८०/०८/२४	५५७	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ९	१,००,०००।००
५	२०८०/०८/२५	५७२	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं २	१,००,०००।००
६	२०८०/०९/०२	६१२	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं १२	१,००,०००।००
७	२०८०/०९/०३	६२०	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ८	१,००,०००।००
८	२०८०/०९/१८	६८६	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं १४	१,००,०००।००
११	२०८०/१२/०२	१०८३	सहिद ऋषिराज देवकोटा आजाद स्मृति फुटवल प्रतियोगिता	१,००,०००।००
१२	२०८०/१२/२७	१२९२	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ४	३२,०००।००
१३	२०८१/०१/०३	१४०७	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ५	६५,७९०।००
१४	२०८१/०१/३१	१५२९	वडा नं ५ बाट मेयरकप प्रतियोगितामा	३४,०७५।००
१५	२०८१/०२/०९	१५६४	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ११	२५,०००।००
१६	२०८१/०२/१४	१५९१	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं ३	१,००,०००।००
१७	२०८१/०२/२१	१६४६	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा ११	२०,०००।००
१८	२०८१/०३/०७	१७३९	वडा नं ५ बाट मेयरकप प्रतियोगितामा	९९,०००।००
१९	२०८१/०३/२२	१९९५	वडा स्तरिय खेलकुद विकास कार्यक्रम वडा नं १०	१,००,०००।००
२०	२०८१।३।२४	३१५७	नगर वार्षिकोत्सव खेलकुद प्रतियोगिता	५०६४७०।००
२१	२०८१।३।१९	१८६८	सहिद स्मृतिकप भलिवल प्रतियोगिता	३००००।००

६६ **विज्ञापन कर :-**

विज्ञापन नियमन गर्ने ऐन, २०७६को दफा २१(२)ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७को ६(क) ३ तथा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको २०७९।५।७ को परिपत्रमा सवै सरकारी विज्ञापनबापत भुक्तानी हुने रकममा ऐनको दफा २१ ख बमोजिम तीन प्रतिशतले हुन आउने रकम भुक्तानी गर्दाको बखत नै कट्टा गरी विज्ञापन बोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नम्बर ००१२०१०५२०००३७(office of the Advertisement Board) मा नियमित रुपमा पठाउनु पर्ने निर्देशन गरेको छ । पालिकाले निम्नानुसार विज्ञापन भुक्तानीमा कर रकम कट्टा गरी विज्ञापन वोर्डको एभरेष्ट बैक सिंहदरवारमा रहेको बैक खाता नंबर ००१२०१०५२०००३७(office of the Advertisement Board)मा नियमित रुपमा पठाएको नदेखिएकोले कानूनको पालना गरी सम्बन्धितबाट असुल गरी विज्ञापन वोर्ड पठाउनु पर्ने रु..

ब. उ. सि. नं.	गो. भौ. नं.	मिति	विज्ञापन प्रकाशन गर्ने	विषय	कर बाहेक रकम	कर रकम
न. पा. चालु	३१	२०८०।५।८	युनिभर्सल मिडिया प्रा. लि.	आय ठेक्काको सूचना	१७८५००	५३५५।००
	५६	२०८०।५।२५	नमस्ते क्रियशन एण्ड एडभर्टाईजिङ प्रा. लि.	सूचना	४३५७५०	१३०७३।००
	२७८	२०८०।६।२९	नमस्ते क्रियशन एण्ड एडभर्टाईजिङ प्रा. लि.	सूचना	१३१२५०	३९३८।००
	२७८	२०८०।६।२९	आशिका एण्ड अमर एडभर्टाईजिङ प्रा. लि.	सूचना	६३०००	१८९०।००
	१०९७	२०८०।१२।४	क्रियटिभ प्रोडक्सन प्रा लि	वोलपत्र सूचना	१२५०६२	३७५२।००
	१०९७	२०८०।१२।४	क्रियटिभ प्रोडक्सन प्रा. लि.	वोलपत्र सूचना	३७८००	११३४।००
	१०९७	२०८०।१२।४	समिट क्रियशन अनामनगर	सूचना	११९६२५	३५८९।००
संघ ससर्त	२४८	२०८१।२।८	समिट क्रियशन अनामनगर	वोलपत्र स्वीकृतीको सूचना	६६०००	१९८०।००
	जम्मा					३४७११।००

असुल गर्नुपर्ने	३४,७११

६७ **सहकारी संस्थाहरुको क्षमता विकास दुर शिक्षा तालिम :**

पालिकाभित्र सञ्चालित सकारीहरुको क्षमता विकासको लागि ४० वटा विषयवस्तुमा २०० घण्टाको भर्चुअल लाईभ कक्षा, प्रयोगकर्ताको लागि अनलाइन खाता खोली युजर आई. डी. तथा पासवर्ड व्यवस्था गरी वर्षभरी नै प्रयोगकर्ताले प्याकेज प्रयोग गर्न सक्ने प्राविधिक सहयोग प्राप्त गर्न रु.४८०७००।०० को लागत अनुमान तयार भई प्रस्ताव आव्हान गरेको पाइयो ।तोकिएको समयमा प्राप्त भएका ३ वटा प्रस्तावमध्ये सबैभन्दा घटी प्रस्ताव पेश गर्ने ई विद्या प्रा. लि. नयाँ बानेश्वर काठमाण्डौको रु.४७९९९१।०० को सहकारी संस्थाहरुको क्षमता विकास दुर शिक्षा तालिम COOP 360 training and experience sharing service प्रस्ताव स्वीकृत गरी २०८० ।९।२ मा २०८१।८।३० सम्मको लागि सम्झौता गरी कार्य सम्पन्न पश्चात सम्झौता अनुसारको रकम भुक्तानी भएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा

घटी अवधीको बढी मूल्यको प्रस्ताव स्वीकार:- लागत अनुमानको आईटम नं ४ मा दुर शिक्षा सम्वन्धी सामग्रीहरु कम्तिमा ४० ओटा विषयहरुमा २०० घण्टा भन्दा बढीको समकालीन विषयवस्तु अनुसार अद्यावधिक भएको हुनुपर्ने र प्रति घण्टा रु.७५०।०० ले मूल्य अधिवृद्धी करबाहेक रु.१५००००।०० लाग्ने गरी प्रस्ताव माग गरेकोमा सेवा प्रदायक ई विद्या प्रा. लि. ले १०३ घण्टा शेसन सञ्चालनको लागि रु.२८४५००।०० को प्रस्ताव पेश गरेकोमा ९७ घण्टा घटी अवधीको रु.१३४५००।०० बढी मूल्यको प्रस्ताव स्वीकार गरेको पाइयो । सम्पादित सेवाको प्रति घण्टा रु.७५०।०० ले १०३ घण्टाको मूल्य अधिवृद्धी करबाहेक रु.७७२५०।०० मात्र भुक्तानी गर्नेगरी प्रस्ताव स्वीकृत गर्नु पर्नेमा मूल्य अधिबृद्धी करबाहेक रु.२८४५००।०० को प्रस्ताव स्वीकृत गरी भुक्तानी गरेकोले रु.२०७२५०।०० मा मूल्य अभिवृद्धि करसमेत रु.२३४१९२।०० बढीको प्रस्ताव स्वीकृत गरेको पाइयो । विज्ञहरुको प्रचलित बजारको पारिश्रमिक दर समेतलाई विचार गरी लागत अनुमान तयार गर्नुपर्नेमा उक्त आइटमको ज्यादै न्यून दरमा लागत तयार गरेको हुँदा सेवा प्रदायक प्राप्त नभएको हुँदा कुल लागत अनुमान रु.४८०७००।०० को सीमाभित्र रहेर सबै विषय वस्तु समावेश हुने गरी रु.४७९९९१।०० मा सम्झौता गरी कार्य गराएको सम्बन्धित देखिन्छ । यथार्परक लागत अनुमान तयार गरी सो अनुसार सेवा लिनुपर्दछ ।

६८ **आमन्त्रित भत्ता :-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

६९ **विविध खर्च :-**

पालिकाले बैठकको विविध खर्च लेखेको गोश्वरा भौचरमा संलग्न बैठक मितिमा उपस्थितलाई खाना खाजा खुवाएपछी सो मिति भन्दा फरक मितिमा समेत निम्न सङ्ख्याका बिलबाट खाना खाजा खर्च लेखेको पाइयो। यस्तो खर्च भिडान नभएकोले के प्रयोजनमा कसलाई खुवाएको खुल्न सकेन । कार्यालयले श्रेष्तामा अतिरिक्त खर्चको बिल बाहेक प्रमाण संलग्न गरेको छैन । प्रयोजन र उपस्थितिबेगर खर्च लेख्नु मितव्ययी र नियमसम्मत देखिएन ।आन्तरिक आय रु.६९५४०८९६।०० रहेकोमा विविध खर्च शीर्षकमा यस वर्ष रु.२३५००००।०० खर्च भएकोमा छ । बैठकमा उपस्थित सङ्ख्यासँग भिडान हुने गरी मितव्ययीरुपमा मात्र खाना खाजा खर्च लेखाङ्कन गरी यस्तो खर्च नियन्त्रणमुखी हुनुपर्दछ ।

भौचर नम्बर	**मिति**	**आपूर्तिकर्ता**	**बिल संख्या**	**खाना खाजा संख्या**	**खर्च रकम**
१६६३	२०८१।२।२५	ए वान थकाली भान्साघर	७	२६४	१३७५४०।००
		ईश्वर होटल	१	३५	१९१५०।००
		श्रेष्ठ तन्दुरी एण्ड गेष्ट हाउस	५	१९२	९२८७०।००
२०९१	२०८१।३।२३	ए वान थकाली भान्साघर	६	३५६	१०५२५०।००
जम्मा			**१९**	**८४७**	**३५४८१०।००**

नगरसभा सञ्चालन खर्च :-

गो. भौ. नं.	**मिति**	**खर्चको विवरण**	**परिमाण**	**दर**	**मूल्य**
१८६२	२०८१।३।१९	अफिस व्याग	८०	३२७७	२६२१६०।००
		छाता	८०	६२१.५	४९७२०।००
		लेदर व्याग	२	१२९९५	२५९९०।००
२०६३	२०८१।३।२३	नगर सभा सदस्य भत्ता	७५	१०००	७५०००।००
		कार्यपालिका सदस्य भत्ता	२६जना १४० उपस्थिति	१०००	१४००००।००
१८८२	२०८१।३।१९	खाना खाजा खर्च	२४६	५७५२.२ र ५३१	१५८८५१।००
जम्मा खर्च					**७११७२१।००**

७० **मर्मत खर्च :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ को उपनियम ५ मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।यस नियमावलीको प्रकृया अपनाई मर्मत सम्भार गराउनु पर्ने मर्मत गराउँदा कुनै मालसामान

पार्टपूर्जा वा उपकरण प्रतिष्थापन गर्नुपर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु.५०००।०० भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ । त्यस्तै सवारी साधन मर्मत सम्भार शीर्षकमा यस आ. व. मा रु.३१ लाख ५० हजार बजेट विनियोजन भएकोमा ३० वटा सवारी साधन मर्मतको लागि अन्य शीर्षक समेत रु.४६१६१७५। 00 खर्च गरेको छ । सवारी साधन मर्मत गराएकोमा उल्लेखित प्रकृया अपनाएको देखिएन ।खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउदा मितव्ययिता , पारदर्शिता तथा टिकाउपना भएको छ भन्ने आधार नभएकोले खरिद कानूनको पालना गरी मर्मत गराउनु पर्दछ ।

७१ इन्धन खर्च :-

इन्धन खर्चको आन्तरिक नियन्त्रणको लागि सवारी लगबुक महालेखापरीक्षकको फारम नम्बर ९०५ मा अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष इन्धनको लागि रु.१ करोड २७ लाख विनियोजन गरेकोमा सुत्र अनुसार ३ वटा खर्च शीर्षक बाट रु.१ करोड ६ लाख ८० हजार खर्च गरेको छ । सो बाहेक अन्य खर्च शीर्षक र कार्यक्रमबाट पनि विभिन्न आपूर्तकबाट इन्धन खरिद गरेकोमा देखिन्छ । सुनिता आयल सेन्टरबाट मात्र रु.१२९०२१५८।०० को इन्धन खरिद गरेको पाइयो ।पालिकामा ३० वटा सवारी साधन रहेकोमा सवारी लगबुकको प्रयोग पाइएन । सवारी लगबुकको प्रयोगले ,सवारी प्रयोग कर्ताको गन्तव्य स्थान, दुरी, समय र इन्धन खपतबीच सामाञ्जस्यता एवम् मितव्ययिता कायम हुन्छ | सवारी लगबुकको प्रयोग नगरिदा कसलाई कुन प्रयोजन कति परिमाणमा इन्धन दिएको हो प्रयोग भएको सवारी साधनको समय र खपत इन्धनबीच मेल खाए नखाएको जानकारी नहुने हुदा सवारी लगबुक राख्नुपर्दछ | पालिकाले विवरण खुल्ने गरी लगबुक राख्नुपर्नेमा राखेको पाइएन | कसलाई के प्रयोजन इन्धन्न दिएको हो खुल्न सकेन | लगबुक प्रयोग नभएका केहि उदाहरण यस प्रकार छन | लगबुक र प्रयाप्त अभिलेख बेगर भुक्तानी दिनेलाई पनि जिम्मेवार बनाई यस्तो खर्चको सिमा निर्धारण गरी नियन्त्रण गरिनु पर्दछ ।

सुनिता आयल सेन्टरबाट खरिद गरेको रु १२९०२१५८।०० मध्येका केही उदाहरणहरु निम्नानुसार छन

गो. भौ. नं.	मिति	डिजल लि	पेट्रोल लि	अन्य किसिमक ईन्धनहरु तथा लुब्रिकेन्टहरु	जम्मा मुल्य
३३	२०८०।५।११	५४७६	१८८९	विभिन्न परिमाण	११४२६२१।००
१३१	२०८०।६।७	५६६१।२२	१५१५	विभिन्न परिमाण	११३२३३८।००
३३३	२०८०।७।३	४७८९।७	१५१०	विभिन्न परिमाण	११४३९४५।००
११५९	२०८०।१२।१५	४०८९	१६४३	विभिन्न परिमाण	९७३३१०।००
२१४४	२०८१।३।२४	१३४	१४५	विभिन्न परिमाण	५८३२४३।००
१७२०	२०८१।३।५	८५१७	१९०२	विभिन्न परिमाण	१०७२२८७।००

७२ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा वितरण नियमावली, २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्राही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ ।पालिकालाई यस वर्ष सामाजिक सुरक्षातर्फ रु.३० करोड ८५ लाख ९९ हजार बजेट विनियोजन भएकोमा रु.३० करोड ८२ लाख १६ हजार खर्च भएको र मृत्यु भई लगत कट्टा भएकाको बैङ्कमा रहेको रकम रु.३४८२८२।४६ फिर्ता भएको जनाएको छ । पालिकाले दिएको जानकारी अनुसार आ. व. को अन्तमा पालिकालाई रु.१३०४८७०८।०० आवश्यक भई माग भएकोमा रकम निकासा नभएकोले सबै लाभग्राहीलाई आर्थिक वर्षभित्रै भत्ता वितरण गर्न नसकेको र २०८१ मंसीरमा वितरण गरेको जनाएको छ । यसरी पालिकाले समयमै लाभग्राहीको पहिचान र अनुमान यथार्थपरक नगरेको तथा केन्द्रवाट पर्याप्त वजेट विनियोजन नभएको हुदाँ पालिकाका लाभग्राहीहरुले समयमै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सकेको देखिएन । पालिकाले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहिहरुको लगत अद्यावधिक तथा व्यवस्थित गर्दै यथार्थपरक अनुमान गरी समयमै थप बजेट माग गर्ने र केन्द्रले पनि समयमै पर्याप्त बजेट निकासा गरिदिनुपर्दछ । पालिकाले सफ्टवेयरबाट लाभग्राहीहरुको वडा

कार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन, लगत कट्टा समयमै नहुने तथा लगत कट्टा भएको व्यक्तिको रकम समयमै बैङ्कवाट फिर्ता लिने गरेको नदेखिएकोले पालिकाले लगत अद्यावद्यिक गर्दै निष्कृय खाता लगायत बैङ्कवाट फिर्ता प्राप्त गर्नुपर्ने अन्य रकमका सम्बन्धमा यकिन गरी फिर्ता प्राप्त गरि केन्द्रीय खातामा जम्मा गर्नुपर्दछ ।

७३ विज्ञान प्रयोगशाला र पुस्तकालय अनुदान

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च. नं.१६५ मिति २०८०/०३/०५ को पत्रानुसार यस स्थानीय तहलाई यस वर्ष तोकिएका स्वीकृत कोटा सङ्ख्या ७ सात अनुसार पालिकाको देहायका सात विद्यालयलाई कार्यक्रम कार्यान्वयनका लागि प्रति विद्यालय रु.६५०००।०० का दरले अनुदान निकासा दिइएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका आ. व. २०८०/०८१ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप ९.५ र ९.६ मा उल्लिखित व्यवस्था अनुसार अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे/नगरेको सम्बन्धमा पालिकाको शिक्षा शाखाबाट नियमितरुपमा अनुगमन गरी विद्यार्थीले विद्यालयहरुमा पुस्कालय तथा विज्ञान प्रयोगशालको प्रभावकारी उपयोग गरेको सम्बन्धमा सुनिश्चित गरिनुपर्छ।

क्र.सं.	विद्यालयको नाम	विज्ञानप्रयोगशाला	पुस्तकालय	जम्मा निकासा
		निकासा रकम	निकासा रकम	
१	श्री कालिका मा.वि.धमिलेजरायोटार	६५०००।००		६५०००।००
२	श्री जनजागृति मा.वि. निबुवाटार	६५०००।००		६५०००।००
३	श्री शिखरमा.वि. बेल्टार	६५०००।००		६५०००।००
४	श्री जलकन्या मा.वि. चपौली		६५०००।००	६५०००।००
५	श्री माध्यमिक विद्यालय बाँझे		६५०००।००	६५०००।००
६	श्री कमलामा.वि. तीनतले		६५०००।००	६५०००।००
७	श्री चन्द्रदेवी आ.वि. सिरुडाँडा		६५०००।००	६५०००।००
जम्मा		**१९५०००।००**	**२६००००।००**	**४५५०००।००**

७४ नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादमा आधारित प्रोत्साहन अनुदानअन्तर्गत नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनको लागि कार्यसम्पादनमा आधारित अनुदान प्रतिविद्यालय रु.३० लाखदेखि ६० लाखसम्म अनुदान दिने व्यवस्था छ । जनज्योती माध्यमिक विद्यालय, फोस्रेटारले शैक्षिकतर्फ रु.२१४२८५७।१४ र व्यवस्वथापनतर्फ रु.८५७१४२।८६ गरी जम्मा रु.३० लाख स्वीकृत गरी पेश गरेको कार्य सञ्चालन तथा खर्च कार्यविधि, २०८० आधारमा पालिकाले मिति २०८०।१२।०८ मा यस विद्यालयसँग सम्झौता गरी २०८१ असार १५ सम्म फछर्यौट गर्ने गरी रु.३० लाख गो. भौ. नं.।मिति १५२।२०८०।१२।१६ मा पेश्की दिइएको देखिन्छ। विद्यालयले प्रस्ताव र पेश गरेको खर्च विवरणलाई देहायअनुसार उल्लेख गरिएको छ।

शैक्षिकतर्फ: २१४२८५७।१४				
क्र.सं.	**खर्च शीर्षक**	**प्रस्तावित खर्च रकम**	**खर्च भएको रकम**	**फरक**
१	नमुना विद्यालयसञ्चालन निर्देशिकाअनुसार थप विषयगत शिक्षकको व्यवस्था	९२००००	९२००००	०
२	विद्यार्थी प्रोत्साहनकार्यक्रम	९९०००	९९०००	४९६
३	शैक्षिक सुधारकार्यक्रमहरु			
	क). शैक्षिक सामाग्रीनिर्माण तथा व्यवस्थापन कार्यशाला	५००००	५००००	०
	ख). विद्यार्थीका लागिसीप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिम	४००००	४००००	०
	ग). वर्ग शिक्षक ग्रेड शिक्षक थप जिम्मेवारी	२६९५००	२६६४९९	-३००१
	घ). लिजर पिरियड व्यवस्था	१४००००	१४००००	०
	ङ). विषयगत समितिव्यवस्था	१६००००	१६००००	०
४	परीक्षा तथामूल्याङ्कन	२४०००	२४०००	०
५	प्रश्नपत्र निर्माणतथा उत्तर पुस्तिका परीक्षण	१०००००	१०१६९१	१६९१
६	खेलकुद	२५०००	२५०००	०
७	अतिरिक्त क्रियाकलाप सञ्चालन	१५३५७.१४	१५६००	२४३
८	शैक्षिक अवलोकन भ्रमण	३०००००	३०००००	०
जम्मा		**२१४२८५७।१४**	**२१४२२८६।००**	**-५७१।००**

व्यवस्थापनतर्फ: ८५७१४२।८६				
क्र.सं.	**खर्च शीर्षक**	**प्रस्तावित खर्च रकम**	**खर्च भएको रकम**	**फरक**
१	नमुना विद्यालय सञ्चालन निर्देशिका अनुसार प्रधानाध्यापकको थप जिम्मेवारी	१७४७५६	१७४७५६	०
२	तहगत संयोजक जिम्मेवारी	४३२००	४३२००	०
३	सुरक्षा गार्डको व्यवस्था	१४९५००	१४९५००	०
४	मल्टि मिडिया स्टुडियोको व्यवस्थापन	१५०००००	१९९४४५	४९४४५
५	कक्षाकोठामा सञ्चार व्यवस्थापन	१०००००	१००८०२	८०२
६	वाद्य वाजनसम्बन्धि व्यवस्था	८००००	८५७६७	५७६७
७	छिमेकी विद्यालयसम्बन्ध सुदृढीकरण	२००००	२०२८०	२८०
८	विद्यालय समुदायसम्बन्ध सुदृढीकरण (अभिभावक भेला तथा अन्तरक्रिया)	२००००	२०१००	१००
९	वि. व्य. स., शि. अ. स., जिन्सी व्यवस्थापन समति तथा लेखा कर्मचारीबीच अन्तरक्रिया	२००००	२००००	०
१०	सूचना, विज्ञापन तथा योजना निर्माण	५००००	५८४३०	८४३०
११	विद्यालय स्व-मूल्याङ्कन	१००००	१००५०	५०

१२	विद्यालय वार्षिक उत्सव कार्यक्रम	३९६८६।८६	५६८२५	१७१३८
जम्मा		**८५७१४२।८६**	**९३९१५५।००**	**८२०१२।००**

जनज्योती मा. वि., फोस्रेटारको पेस गरेको रकम र खर्च विवरणको तुलनात्मक अध्ययन गर्दा प्रस्तावित शीर्षकमा तोकिएभन्दा समग्रमा रु.८१४४१।०० बढी खर्च गरेको देखिन्छ, जसले विद्यालयको लागत साझेदारीबाट पनि खर्च गरेको देखाउँछ । त्यस्तै मल्टिमिडिया स्टुडियोको व्यवस्थापन, कक्षाकोठा सञ्चार व्यवस्थापन एस. ओ. एस. ईलेक्ट्रोनिक्ससँग सम्झौता गरी सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५ मा व्यवस्था भएबमोजिम लागत अनुमान स्वीकृतबेगर नै कार्य गरेको देखिन्छ । यसतर्फ विद्यालयले सार्वजनिक खरिद ऐन, २०६४ र नियमावली, २०६५ को पालन गरी खरिद कार्यमा सुधार गर्न विद्यालयले ध्यान दिनुपर्ने देखिन्छ । यस विद्यालय मिति २०८० चैत्र २६ देखि २०८१ वैशाख ०१ सम्म सुनसरी, झापा र ईलाम शैक्षिक अवलोकन भ्रमण गरी पेश गरिएको प्रतिवेदनको अध्ययन गर्दा शैक्षिक भ्रमणसम्बन्धमा कुन कुन समयमा कुन कुन नमुना विद्यालयमा कहिले- कहिले भ्रमण जाने त्यसको भ्रमण योजना पनि तयार गरिएको देखिएन र कुन कुन समयमा कुन कुन नमुना विद्यालयमा कहिले- कहिले भ्रमण गरिएको सोको प्रष्ट पुष्टयाँइ गर्ने आधार, फोटोहरु, तथा आवश्यक प्रमाणहरु प्रतिवेदनमा देखिदैन र प्रतिवेदन अध्ययन गर्दा शैक्षिक भ्रमण नभइ स्थान विशेष भ्रमण गएको देखिन्छ ।यसबाट जुन उद्देश्यको लागि विद्यालयले शैक्षिक भ्रमण अवलोकन प्रस्ताव पेश गरेको छ, त्यसलाई प्रमाणित गर्न सकेको देखिदैन।तसर्थ: विद्यालयहरुमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको उद्देश्यसँग सम्बन्धित रहेर शैक्षिक अवलोकन भ्रमण गरी विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको सुधारमा ध्यान दिनुपर्ने देखिन्छ । समग्रमा विद्यालयले अनुदानमा मात्र निर्भर नरही समग्र विद्यालयको दिगो शैक्षिक व्यवस्थापन गर्न ध्यान केन्द्रीत हुनुपर्दछ ।

७५ विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास [{On the Job Training(OJT)]

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका आर्थिक वर्ष २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.५० मा विद्यालयबाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थी सङ्ख्याको आधारमा लागत अनुदान (कक्षा ११-१२) शिक्षण सिकाइ सामग्री तथा Lab Assistant, Equipment and Practical material, OJT, Operation cost व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ (Digital Materials) समेत प्रावधिक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३, प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा गरिएको दुबै ढाँचा अर्थात् कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउने तथा विद्यार्थी निर्वाह खर्च व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने व्यवस्था रहेको छ ।

यस पालिकाले प्राविधिक धारतर्फ देहायका विद्यालयलाई देहायको रकम भुक्तानी गरेको देखिन्छ

विद्यालयको नाम	प्राविधिक धारतर्फका कक्षा र विद्यार्थी संख्या				OJT गएको विद्यार्थी संख्या				निकासा रकम	OJT मा गएको अवधि	विद्यार्थीलाई भुक्तानी भएको रकम	कैफियत
	कक्षा ९	कक्षा १०	कक्षा ११	कक्षा १२	कक्षा ९	कक्षा १०	कक्षा ११	कक्षा १२				
गौमती मा वि	४०	३३	३७	३१	४०	३३	३७	३३	२११५०००।००	अवधि नखुलेको	८४१०००।००	विद्यार्थीलाई नगदै भुक्तानी भएको
प्रभात माबि	३१	३१	११	१०	३१	३२	११	१०	१२६०००००।००	अवधि नखुलेको	२५६९००।००	विद्यार्थीहरुलाई नगदै भुक्तानी भएको
OJT मा जानुपर्ने अवधि						३ महिना	३महिना	६ महिना				
प्रतिविद्यार्थी OJT बापत दिइने रकम						१०००।००	१०००।००	१०००।००				
गौमति मा. वि. तर्फ जम्मा हुनुपर्ने खर्च रु.३९८०००।००						९९०००।००	१११०००।००	१९८०००।००				
प्रभात मा. वि.तर्फ जम्मा हुनुपर्ने खर्च रु. १२९०००।००						९६०००।००	३३०००।००	६००००।००				

यसरी विद्यालयबाट OJT गएका विद्यार्थीको सङ्ख्यालाई आधार मानी माथिको तालिका विश्लेषण गर्दा गौमति मा. वि. तर्फ OJT मार्फत खर्च रु.३९८०००।०० हुनुपर्नेमा रु. ८४१०००।०० विद्यार्थीलाई बैङ्कमार्फत नगरी नगदै भुक्तानी गरी बढी भुक्तानी रु.४४३०००।०० गरेको देखिन्छ र कक्षा १० का विद्यार्थीलाई फोनमार्फत सम्पर्क गरी सोधपुछ गर्दा अधिकांस विद्यार्थीले प्राप्त नगरेको जवाफ प्राप्त भयो।त्यस्तै प्रभात मा. वि. तर्फ OJT मार्फत खर्च रु.१२९०००।०० हुनुपर्नेमा रु.२५६९००।०० विद्यार्थीलाई बैङ्कमार्फत भुक्तानी नगरी नगदै भुक्तानी गरी बढी भुक्तानी रु.१२७९००।०० गरेको देखिन्छ। यसरी गौमति मा. वि. र प्रभात मा. वि. बाट OJT बापत भुक्तानी भएको रकम रु.५७०९००।०० नियमसम्मत भएको देखिदैन । यसर्थ: विद्यालयहरुले कार्यक्रम कार्यान्वयन पुस्तिकामा व्यवस्था भए अनुसार OJT लगायतको रकम विद्यार्थीहरुलाई बैङ्कमार्फत भुक्तानी गर्नुपर्दछ। गौमति मा. वि. र प्रभात मा. वि.बाट OJT बापत भुक्तानी भएको नियमसम्मत नभएको रकम रु....

अनियमित भएको	५,७०,९००

७६ पढ्दै कमाउँदै-जोड कोष

सामुदायिक विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ३(छ) मा विद्यालयमा कार्यक्रमको निरन्तरताको लागि जोड कोषको व्यवस्था गरी उक्त कोषबाट विद्यार्थीलाई पढ्दै कमाउँदै गर्न बीउ पूँजी उपलब्ध गराउने भनी उल्लेख छ । साथै उक्त कोषमा कार्यक्रमबाट प्राप्त आम्दानी, स्थानीय तहबाट प्राप्त रकम कोषको शीर्षकअनुसार आय व्ययको श्रेष्ता खडा गर्नुपर्ने, कोषको विद्यालयले लेखापरीक्षण तथा सामाजिक परीक्षण प्रकृया अनुसार नै लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यो कार्यक्रमको लागि पालिकाले यस आ. व. मा श्री जनज्योती माध्यमिक विद्यालय, फोस्रेटार, सिन्धुलीलाई रु.५००००।०० अनुदान दिएको छ।यस विद्यालयको लेखापरीक्षणको समयसम्म पढ्दै कमाउँदैको अवस्था देहायअनुसार रहेको देखिन्छ

कामको विवरण	पढ्दै कमाउँदै आम्दानी	खर्च	कुल नाफा	बचत जोड कोषमा दाखिला गर्नुपर्ने	विद्यार्थीलाई वितरण गरिएको नाफा रकम	कैफियत
कुखुरा पालन	५८९४९०।००	४१९३४०।००	१७०१५०।००	२१६९८०।००	१०८४९०।००	हाल विद्यालयको खातामा जम्मा रहेको
तरकारी खेती	१०१६१५।००	९९७८५।००	२४६९५।००			
पुष्प खेती	४५०००।००		२२१३५।००			

यस विद्यालयले पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ अनुसार यस कार्यक्रमसँग सम्बन्धित प्राप्त विभिन्न रकम जोड कोषमा जम्मा गरी सोही कोषबाट खर्च लेख्नुपर्ने देखिन्छ । साथै स्थानीय तहले कार्यक्रमको कार्यान्वयनको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन गर्नु पर्ने व्यवस्था छ ।पालिकाले उक्त कार्यक्रमको वस्तुस्थिति देखिने गरी अवस्था, समस्या तथा सुधारको लागि सुझाव सहितको प्रतिवेदन तयार नगरेको देखिन्छ।तसर्थ: पालिकाले यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा कार्यविधि अनुसार अनुगमन र प्रतिवेदन जारी गर्नुपर्दछ ।

७७ पाठ्यपुस्तक

